# प्रभाव दैनिक
National Daily

वर्ष ९ | अंक ५८ | काठमाडौं | मंगलबार, ७ असार २०७९ | Prabhab National Daily, Tuesday, June 21, 2022 | URLwww.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**सवारी दुर्घटनाबाट बचौं र बचाऔं**

- मादक पदार्थ सेवन गरी सवारीसाधन नचालाऔं,
- आफूले यात्रा गरिरहेको सवारीसाधनको चालकले मादक पदार्थ सेवन गरेमा वा गरेको शंका लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
- क्षमताभन्दा बढी यात्रु र सामान नराखौं,
- अनियन्त्रित र तीव्र गतिमा सवारीसाधन नचालाऔं,
- समय–समयमा सवारीसाधनको मर्मत संभार गर्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## एक वर्षमा ७२ रूपैयाँ बढ्यो पेट्रोलको मूल्य

इन्धनको मूल्य एक वर्षको अवधिमा झण्डै दोब्बरको स्थितिमा पुगेको छ । यसबीचमा १४ पटक मूल्य बढाउँदा दुई पटकमात्र घटाइएको थियो ।



एक वर्षमा भएको मूल्यवृद्धिः कहिले कति ?

| | पेट्रोल | डिजेल/मट्टितेल | एलपी ग्यास |
|---|---|---|---|
| ९ असार २०७८ | १२७ | ११० | १४०० |
| २२ असार २०७८ | १२९ | ११२ | १४२५ |
| ३० असार २०७८ | १२८ | १११ | १४२५ |
| ७ भदौ २०७८ | १३० | ११३ | १४५० |
| १२ कात्तिक २०७८ | १३३ | ११६ | १५०० |
| २४ कात्तिक २०७८ | १३६ | ११९ | १५७५ |
| ५ माघ २०७८ | १३९ | १२२ | १५७५ |
| १८ माघ २०७८ | १४२ | १२५ | १५७५ |
| ७ फागुन २०७८ | १४५ | १२८ | १५७५ |
| १९ फागुन २०७८ | १५० | १३३ | १५७५ |
| २ चैत २०७८ | १५५ | १३८ | १५७५ |
| २२ चैत २०७८ | १६० | १४३ | १६०० |
| ३१ वैशाख २०७९ | १७० | १५३ | १६०० |
| ८ जेठ २०७९ | १८० | १६३ | १८०० |
| १८ जेठ २०७९ | १७० | १५३ | १८०० |
| २६ जेठ २०७९ | १७८ | १६५ | १८०० |
| ५ असार २०७९ | १९९ | १९२ | १८०० |

स्रोतः नेपाल आयल निगम

■ प्रभाव संवाददाता

**काठमाडौं–** अघिल्लो वर्ष असार ९ गते नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्यवृद्धि गर्दा पेट्रोल प्रतिलिटर १२७ रूपैयाँ कायम गरेको थियो । निगमले डिजेल/मट्टितेल प्रतिलिटर ११०, खाना पकाउने एलपी ग्यास प्रतिसिलिण्डर एक हजार ४०० रूपैयाँ कायम गरेको थियो ।

त्यसअघि जेठ २३ गते मूल्यवृद्धि गरेको निगमले पेट्रोल प्रतिलिटर १२५ रूपैयाँ, डिजेल/मट्टितेल प्रतिलिटर १०८ र खाना पकाउने ग्यास प्रतिसिलिण्डर एक हजार ४०० रूपैयाँ पुर्‍याएको थियो । त्यसको १७ दिनपछि असार ९ गते मूल्यवृद्धि गर्दै निगमले पेट्रोल, डिजेल र मट्टितेलमा प्रतिलिटर दुई रूपैयाँ बढाएको थियो । खाना पकाउने ग्यासको मूल्य भने यथावत् राखेको थियो ।

त्यसपछि निरन्तर उकालो लागेको पेट्रोलियम पदार्थको मूल्य आज पर्यन्त रोकिएको छैन । इन्धनको मूल्य एक वर्षको अवधिमा झण्डै दोब्बरको स्थितिमा पुगेको छ । यसबीचमा १४ पटक मूल्य बढाउँदा दुई पटकमात्र घटाइएको थियो ।

पछिल्लोपटक निगमले आइतबार रातिदेखि फेरि मूल्यवृद्धि गरेको छ । यसपटक भारी मात्रामा मूल्यवृद्धि भएको छ । निगमले पेट्रोलमा प्रतिलिटर २१ रूपैयाँ बढाएर लिटरको १९९ पुर्‍याएको छ भने डिजेल/मट्टितेलमा २७ रूपैयाँ बढाएर प्रतिलिटर १९२ पुर्‍याएको छ । खाना पकाउने एलपी ग्यासको मूल्य भने यसअघिकै अर्थात् प्रतिसिलिण्डर एक हजार ८०० रूपैयाँ नै कामय गरिएको छ ।

निगमले हवाई इन्धनमा पनि मूल्य बढाएको छ । जसअनुसार आन्तरिकतर्फ १९ रूपैयाँले वृद्धि गरी १८५ रूपैयाँ प्रतिलिटर पुर्‍याएको छ । हवाई इन्धनको बाह्यतर्फ भने १०० अमेरिकी डलरले मूल्यवृद्धि गरिएको छ । निमगले यसअघि जेठ २६ गते पेट्रोल, डिजेल र मट्टितेलको भाउ बढाएको थियो । भारतको इण्डियन आयल कर्पोरेसन (आइओसी)ले पछिल्लोपटक पठाएको मूल्यसूचीअनुसार समायोजन गरेर मूल्य बढाइएको निगमले बताएको छ ।

नयाँ मूल्यमा बेच्दा पनि आगामी १५ दिनमा निगमलाई दुई अर्ब ३५ करोड रूपैयाँभन्दा धेरै घाटा हुने निगमले बताएको छ । निगमका अनुसार एक हजार ८०० रूपैयाँमा बिक्री भइरहेको एलपी ग्यासमा प्रतिसिलिण्डर ७५१.१४ रूपैयाँ घाटा छ । ग्यासको खरिद लागत दुई हजार ५५१.१५ रूपैयाँ रहेको निगमले जनाएको छ ।

गएको जेठ महिनामा मात्र (बाँकी पृष्ठ ५ मा)

## एसपिपीमा सहभागी नहुने मन्त्रिपरिषद्को निर्णय



■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले अमेरिकाको स्टेट पार्टनरसिप प्रोग्राम (एसपिपी) मा सहभागी नहुने निर्णय गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले एसपिपी सम्झौता अस्वीकार गर्ने निर्णय गरेको हो । यसबारे अमेरिकालाई पत्र लेखेर जानकारी दिने निर्णय भएको एक मन्त्रीले बताए ।

प्रधानमन्त्री शेरबहादुर देउवाको आसन्न अमेरिका भ्रमणको पूर्वसन्ध्यामा एसपिपी सम्झौताबारे विवाद उठेको थियो । सरकारले एसपिपी सम्झौता अगाडि बढाउन लागेको भन्दै उक्त सम्झौताको मस्यौदा सञ्चारमाध्यममार्फत बाहिर आएपछि सरकार विवादमा मुछिएको थियो । एसपिपीमार्फत अमेरिकी सैन्य गठबन्धनमा सहभागी हुन लागेको भन्दै प्रतिपक्ष तथा सत्तारुढ दलकै नेता र सांसदहरूले विरोध जनाएका थिए ।

नेपालस्थित अमेरिकी दूतावासले नेपालले दुईपटक आग्रह गरेपछि एसपिपीमा सहभागी गराएको प्रतिक्रिया दिएको थियो । त्यसलगत्तै नेपाली सेनाले अमेरिकालाई पठाएको पत्र सार्वजनिक भएको थियो । नेपाली सेनाका तत्कालीन प्रधानसेनापति राजेन्द्र क्षत्रीले नेपालस्थित अमेरिकी राजदूत अलाइना बी. टेप्लिजलाई लेखेको पत्रमा नेपाल सरकारका तर्फबाट आधिकारिक रूपमा नेसनल गार्ड स्टेट पार्टनर सिप प्रोग्राम (एनजिएसएसपी)मा सहभागी हुन अनुरोध गरेको उल्लेख छ ।

पूर्वप्रधानसेनापति क्षत्रीले हस्ताक्षर गरेको पत्र आधिकारिक भएको नेपाली सेनाले पुष्टि गरेको छ । तर, उक्त पत्र सन् २०१५ मा भूकम्प गएपछि नेपालले सबैतिर सहयोग माग्दा लेखिएको पत्र भएको प्रधानसेनापति प्रभुराम शर्माले बताए । त्यतिबेला उनीहरूको अनुभवका कारण सहयोग लिन खोजेको उनले बताए । उक्त समयमा आइपिएस पनि नभएको र अहिलेको अवस्थामा फरक तरिकाले व्याख्या गरिएको उनले बताएका छन् ।

प्रतिनिधिसभा अन्तर्गतको अन्तर्राष्ट्रिय सम्बन्ध समितिले शुक्रबार परराष्ट्रमन्त्री नारायण खड्का, प्रधानसेनापति प्रभुराम शर्मा, परराष्ट्र मन्त्रालयका सचिव भरतराज पौड्याल, रक्षा मन्त्रालयका सचिव किरणराज शर्मा लगायतलाई बोलाएर यसबारे छलफल गरेको थियो । उक्त बैठकले एसपिपीमा संलग्न नहुने जानकारी अमेरिकालाई दिन सरकारलाई निर्देशन (बाँकी पृष्ठ ५ मा)

## सस्तोमा बेच्न सकिन्न : मन्त्री बडू



उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूले पेट्रोलियम पदार्थको मूल्य बढाउनुपर्ने बाध्यात्मक अवस्थामा सरकार रहेको बताएका छन् ।

सोमबार प्रतिनिधिसभा अन्तर्गतको उद्योग तथा वाणिज्य श्रम तथा उपभोक्ता हित समितिको बैठकमा मन्त्री बडूले अन्तर्राष्ट्रिय बजारमा नै पेट्रोलियम पदार्थको मूल्य बढेकाले सरकार बाध्यतामा परेको बताए । पेट्रोलियम पदार्थ नेपालको उत्पादन नभएकाले बाहिरबाट महँगोमा खरिद गर्नुपरेको र सस्तोमा बेच्नसक्ने अवस्थामा सरकार नरहेको जवाफ दिए । मन्त्री बडूले सरकारले बढेर आएको मूल्यमा कर घटाएर १० रूपैयाँ मूल्य कम गरेको बताए ।

उनले सरकारले विगतमा लगाएको कर कम गरेर उपभोक्तालाई अझ सस्तोमा तेल दिने प्रयास गरिरहेको दाबी गरे । तर, सरकार तत्कालका लागि १० रूपैयाँभन्दा बढी कर घटाउन सक्ने स्थितिमा नरहेको उनको भनाइ छ । आयल निगमलाई अहिले प्रत्येक महिना नौ अर्ब ६३ करोड रूपैयाँ घाटा रहेको उनको भनाइ छ ।

उद्योग मन्त्रालयका सचिव गणेशप्रसाद पाण्डेले सरकारले चिनी उद्योगको संरक्षण गर्ने नाममा भन्सार दर बढाउँदा बजारमा मूल्यवृद्धि भएको दाबी गरे । सचिव पाण्डेले मूल्यवृद्धि कम गर्नका लागि सरकार आफैंले चिनी आयात गरेर बजारमा पठाउनुपर्ने बताए ।

सन्दर्भ : वैदेशिक रोजगार

### गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल

## थप दुई विदेशी एयरलाइन्सले उडान भर्दै

■ प्रभाव संवाददाता

**काठमाडौं–** एक महिनाअघि (जेठ २ गते) औपचारिकरूपमा सञ्चालनमा आएको भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट थप दुई विदेशी एयरलाइन्स कम्पनीले नियमित उडान भर्ने तयारी गरेका छन् ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार नेपालको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल भैरहवामा नियमित उडान भर्नका लागि एयर अरेबिया र फ्लाई दुबईले आवश्यक प्रक्रिया अघि बढाएका छन् । यी दुवै एयरलाइन्स कम्पनी संयुक्त अरब इमिरेट्स (युएई)का अन्तर्राष्ट्रिय वायुसेवा प्रदायक कम्पनी हुन् ।श्रम गन्तव्य मुलुकमा उडान भर्नका लागि गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल उपयुक्त देखिएका कारण पनि दुवै एयरलाइन्स कम्पनीले व्यावसायिक उडान गर्न प्रक्रिया थालेको प्राधिकरणले जनाएको छ । एयर अरेबियाले आउँदो दुई हप्ताभित्रै नियमित व्यावसायिक उडानका लागि इच्छा प्रकट गर्दै अनुमतिका लागि प्रक्रिया थालेको प्रधिकरणका महानिर्देशक प्रदीप अधिकारीले जानकारी दिए ।

‘खासगरी भैरहवा विमानस्थलबाट श्रम गन्तव्य मुलुकमा जान चाहने यात्रुको माग तथा चाप पनि उच्च रहेको छ,’ महानिर्देशक अधिकारीले भने, ‘सोही कारण अन्य विदेशी वायुसेवा कम्पनीले पनि यो विमानस्थलमा अन्तर्राष्ट्रिय उडानका लागि रुचि बढाएका छन् ।’

यसैगरी विमानस्थल सञ्चालनमा आएसँगै साताको तीन दिन नियमित उडान सुरु गरेको जजिरा एयरलाइन्सले पनि छिट्टै हप्तामा सातै दिन उडान भर्ने तयारी गरेको छ । जजिरा एयरले छिट्टै आफ्नो उडान तालिका परिवर्तन गरी सातै दिन उडान भर्ने योजना बनाएको उक्त वायुसेवाको नेपालका लागि आधिकारिकजिएसए सोसाइटी इन्टरनेसनल ट्राभलका अध्यक्ष रवीचन्द्र सिंहले जानकारी दिए ।

हाल काठमाडौं-कुवेत रुटका लागि जजिराको न्यूनतम भाडा ३३ हजार रूपैयाँ रहेको छ । भैरहवा-कुवेत रुट भएर आवातजावत गर्दा यात्रुलाई २० प्रतिशत अर्थात् छ हजार ६०० रूपैयाँ सहुलियत दिँदै आएको जजिराले जनाएको छ ।

सिंहका अनुसार भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलमार्फत यात्रुले कुवेत भएर खाडीका विभिन्न मुलुकका साथै जर्जिया, इजिप्ट, अजरबैजानलगायत कुवेत हब बनाएर जजिराले उडान सञ्चालन गरिरहेका सबै गन्तव्य जाने उडान सेवा लिँदै आएका छन् ।

पछिल्लो समय वैदेशिक रोजगारीमा जाने आउने यात्रुका लागि यो विमानस्थल सहज भएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका प्रमुख गोविन्दप्रसाद दाहालले जानकारी दिए । सरकारले श्रम गन्तव्य मुलुकमा जाने श्रमिकहरूको हितलाई ध्यानमा राखेर भैरहवामा केही दिन अगाडिमात्रै श्रम कार्यालय स्थापना गरेको छ । अब विदेश जाने श्रमिकले सहजै भैरहवाबाटै श्रम स्वीकृति लिन सक्ने छन् ।

## अजरवैजान पठाइदिन्छु भन्दै ठगी गर्नेविरुद्ध मुद्दा

■ प्रभाव संवाददाता

**काठमाडौं-** वैदेशिक रोजगारीका लागि अजरवैजान पठाइदिन्छु भन्दै ठगी गर्ने एकजनाविरुद्ध वैदेशिक रोजगार विभागले मुद्दा दायर गरेको छ । रोल्पा रुण्टिगढी-७ स्थायी घर भई काठमाडौं बस्दै आएका कुलबहादुर घर्तीले विभिन्न व्यक्तिलाई रोजगारीको लागि अजरवैजान पठाइदिने भन्दै ३१ लाख २६ हजार रूपैयाँ ठगी गरेको अभियोगमा विभागले वैदेशिक रोजगार न्यायाधिकरणमा मुद्दा दायर गरेको हो ।

अजरवैजानमा मासिकरूपमा राम्रो कमाइ हुने प्रलोभन देखाएर घर्तीले दैलेख घर भएका तेजबहादुर वली र छवी वली, दाङका रत्न बाठा मगर, रोल्पाका विमलराज डाँगीसँग पैसा लिएर वैदेशिक रोजगारीमा नपठाई बिचल्ली पारेको र लिएको रकमसमेत फिर्ता नगरेको अभियोगमा मुद्दा दायर गरिएको विभागले जनाएको छ ।

विभागले दायर गरेको मुद्दामा प्रतिवादी घर्तीले वैदेशिक रोजगार ऐन २०६४ को दफा १० र ४३ विपरीतको कसूर गरेकोले निजलाई सोही ऐनको दफा ४३ बमोजिम कारबाही हुनुपर्ने उल्लेख गरिएको छ । निज घर्तीले उल्लिखित चार जनासँग लिएको ३१ लाख २६ हजार रूपैयाँ र सोको ५० प्रतिशतले हुन आउने हर्जना र अन्य खर्चसमेत जोडी ४७ लाख ६९ हजार ५०० रूपैयाँ दिलाइदिनुपर्ने मागदाबी गरिएको छ ।

सुमन शेर्पालीसँगको मिलेमतो र योजनामा घर्तीले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजत नै नलिई ठगी गर्ने मनसायले जाहेरवालामध्ये डाँगीलाई अजरवैजान नै पुर्‍याएको, दुई वली र मगरलाई भारतसम्म पुर्‍याइ अलपत्र पारेको विभागले उल्लेख गरेको छ । घर्तीले वैदेशिक रोजगारीमा अजरवैजान पठाइदिने भनी लिखित कागज गरी रकम बुझिलिएको विभागले जनाएको छ ।

घर्तीले वैदेशिक रोजगारीमा पठाइदिन्छु भन्दै पैसा लिएर बिचल्ली पारेको र पैसा पनि फिर्ता नगरेको भन्दै पीडितहरूले विभागमा जाहेरी दिएको निर्देशक कृष्णप्रसाद भुसालले बताए । सोही उजुरीका आधारमा आवश्यक छानबिनका लागि पक्राउ परेका घर्तीबाट कसूर भएको देखिन आएकाले विभागले मिति यही असार ५ गते मुद्दा दायर गरेको उनले जानकारी दिए ।



काठमाडौं महानगरको नीति तथा कार्यक्रम

# शिक्षा र स्वास्थ्य प्राथमिकतामा

■ प्रभाव संवाददाता




**काठमाडौं–** 'साँस्कृतिक सहर, समृद्ध महानगर'को दीर्घकालीन सोचका साथ काठमाडौं महानगरपालिका (कामपा)को नीति तथा कार्यक्रम सार्वजनिक भएको छ। कामपाका प्रमुख बालेन्द्र शाहले आइतबार नगरसभामा आगामी आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन्।

दीर्घकालीन सोचलाई कार्यान्वयन गर्न साँस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन, सञ्चार प्रविधिको उच्चतम उपयोग, साँस्कृतिक पर्यटन र नवप्रवर्तनमा आधारित उद्यम, संस्थागत सुशासनलगायत रणनीति लिइने उल्लेख गरिएको छ। 'स्थानीय शासनमा जनसहभागिता बढाएर पारदर्शी तथा उत्तरदायी सरकारको भूमिका निर्वाह गर्ने, काठमाडौंलाई स्वच्छ, सफा, हरियाली तथा सुरक्षित र समुन्नत सहरका रूपमा विकास गर्ने हाम्रो रणनीति हो,' नीति तथा कार्यक्रम प्रस्तुत गर्दै प्रमुख शाहले भने।

कामपाले दरबार हाइस्कुललाई राष्ट्रियस्तरको नमूना विद्यालय बनाउने नीति लिएको छ। वि.सं. २०७२ को भूकम्पले पूर्णरूपले क्षति भएपछि पुनर्निर्मित ऐतिहासिक दरबार हाइस्कुललाई कामपाले राष्ट्रियस्तरको नमूना विद्यालय बनाउने नीति लिएको हो।

नीतिमा महानगर शिक्षा सुधार योजना, स्थानीय पाठ्यक्रमको निरन्तर पठनपाठन, ११ वटा प्राविधिक विषयको अध्यापन भइरहेकामा दुईवटा थप गर्नेलगायत विषय समावेश छन्। यस्तै वडास्तरीय सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालन, सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको नियमित स्वास्थ्य जाँच, विद्यालयमा अग्नि नियन्त्रण उपकरण जडान, ई-लाइब्रेरी सञ्चालन गर्नेलगायत कार्यक्रम आइतबार कामपाका प्रमुख बालेन्द्र शाहले आगामी आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए।

त्यस्तै स्वास्थ्यतर्फ स्वास्थ्य नीतिमा वडा क्लिनिकको स्तरोन्नति गरी स्वास्थ्य केन्द्रमा रूपान्तरण गर्ने, करदातालाई बिमाका लागि आवश्यक प्रबन्ध मिलाउने जसका लागि कामपाले ५० प्रतिशत अनुदान दिने, विपन्नलाई निःशुल्क शयचाको प्रबन्ध गर्ने र आयुर्वेद पद्धतिलाई प्रवर्द्धन गर्नेलगायत नीति छन्। स्वास्थ्य सेवाको गुणस्तर र पहुँच अभिवृद्धि गर्नका लागि महानगर जनस्वास्थ्य ऐन जारी गर्ने महानगरको नीति रहेको छ। नागरिक आरोग्यता प्रवर्द्धन गर्न आहार, विहार, ध्यान, योग, प्राणायाम आदिबारे सचेतना फैलाउने, एकीकृत एम्बुलेन्स सेवा सञ्चालन गर्ने, एक विद्यालय एक नर्स र स्कुल सोसियल वर्कर कार्यक्रम रहेका छन्।

सडक, ढल, खानेपानीका पाइपलाइन, सडक, बत्ती टेलिफोनलगायत भौतिक पूर्वाधारको डिजिटल प्रोफाइल तयार पार्ने नीतिलाई पूर्वाधार विकास नीतिमा राखिएको छ। बिग्रेका पूर्वाधारलाई थप क्षति हुन नदिन तत्काल मर्मतसम्भारका लागि अहिले सञ्चालनमा ल्याइएको इन्फ्रास्ट्रक्चर एम्बुलेन्सलाई आवश्यकअनुसार सामग्री र जनशक्तिसहित थप गर्ने नीति महानगरको छ।

पैदलमार्गको स्तरोन्नति गर्ने, बस बिसौनीलाई मौलिकता दिँदै परम्परागत शैलीको फल्चा बनाउन इच्छुक संघसंस्थालाई प्राविधिक सहयोग उपलब्ध गराउने, सामुदायिक विद्यालय, सार्वजनिक संस्था तथा सार्वजनिक शौचालयको स्तरोन्नति गरी अपांगता तथा लैंगिकमैत्री बनाइने नीति लिइएको छ।

**कला क्षेत्रको संरक्षण**

कला क्षेत्रको प्रवर्द्धन गर्न डबलीको पुनःस्थापना र एम्पी थियटर निर्माण गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। सम्पदा तथा पर्यटन क्षेत्रअन्तर्गतका नीतिमा बौद्ध र स्वयम्भू स्तूपको व्यवस्थापन महानगरअन्तर्गत ल्याउन प्रयास गरिनेलगायत नीति लिइएको छ। जात्रा, पर्व, मेला, पूजा, परम्परागत जीवनशैली, साँस्कृतिक सम्पदाको परिचयात्मक विवरण समेटेर साँस्कृतिक प्रोफाइल तयार पारिनेछ।

धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक महत्त्वका मठमन्दिर, हिटि, पोखरी, बहाल, बहिल आदिको संरक्षण गरिनेछ। इन्द्रजात्राको अवलोकनका लागि भगिनी सम्बन्ध भएका राष्ट्रिय र अन्तर्राष्ट्रिय नगरका प्रमुख, उपप्रमुख तथा प्रतिनिधिलाई आमन्त्रण गरेर विश्वस्तरमा परिचित गराउने कामलाई विगतमाझैं निरन्तरता दिइने उल्लेख छ।

यससँगै स्थानीय जात्रा तथा पर्वलाई अन्तर्राष्ट्रियस्तरमा परिचित गराउने कार्यक्रम सञ्चालन गरिने बताइएको छ। हाँडीगाउँको पुनरुत्थान गर्दै यसै वर्षदेखि होमस्टे सञ्चालन गरिने पनि नीतिमा समावेश गरिएको छ। हरेक महिनाको पहिलो आइतबार 'जनतासँग मेयर' कार्यक्रममार्फत प्रत्यक्ष संवाद कार्यक्रम हुने जनाइएको छ।

**प्लास्टिक झोला निषेध**

कामपाले आगामी आर्थिक वर्षदेखि प्लास्टिक झोला निषेध गर्ने नीति लिएको छ। त्यसैगरी  कागज तथा कपडाका झोला प्रवर्द्धन गर्ने, पार्क निर्माण गर्ने हरियाली बढाउनेजस्ता विषय नीतिमा उल्लेख छ।

त्यसैगरी फोहोर व्यवस्थापन तथा प्रदूषण नियन्त्रणसम्बन्धी नीतिमा फोहोरको वर्गीकरणमा प्रोत्साहन गर्ने, जिरो वेस्ट, वेस्ट टु इनर्जीजस्ता अवधारणाबाट वातावरणीय सुधार तथा फोहोर व्यवस्थापनको दीर्घकालीन समाधान खोजिने विषय समेटिएका छन्।

फोहोरको उत्पादन कम गर्ने, फोहोर संकलन, ढुवानी तथा अन्तिम व्यवस्थापनलाई सहज बनाउने, अदालतका निर्देशनात्मक आदेशलाई कानुन बनाएर कार्यान्वयन गर्ने, सतप्रतिशत जमिन घरले नओगटेका घरमा 'एक घर, एक रुख' नीतिअनुरूप कार्यक्रम सञ्चालन गरिनेछ।

सहरी यातायात नीतिमा सार्वजनिक यातायातलाई सुरक्षित बनाउन सिसिटिभी क्यामरा जडान गर्ने, जिपियस ट्र्याकिङ सिस्टम जडान गर्ने, निजी क्षेत्र र उपत्यका नगरपालिकाको सहकार्यमा सार्वजनिक यातायात प्रणालीलाई व्यवस्थित गर्ने, भर्टिकल तथा भूमिगत पार्किङको व्यवस्था गर्ने, खुलामञ्चसँगैको जग्गामा रिजर्भ बोरिङसहित भूमिगत पार्किङको सम्भाव्यता अध्ययन गर्ने नीतिमा उल्लेख छ।

**मिलन केन्द्र सञ्चालन**

बालगृहमा भएका बालबालिकालाई पारिवारिक पुनर्मिलन गराउने भएको छ। आमाबुबा नभएका, विपन्न, दलित, आदिवासी तथा दलित समुदायका बालबालिकाको संरक्षणका विशेष कार्यक्रम सञ्चालन गर्ने, बालमैत्री स्थानीय तह घोषणा गर्न कार्यक्रम सञ्चालन गर्ने यस क्षेत्रका महत्त्वपूर्ण नीति महानगरले लिएको छ। महानगरका ७५ वर्ष उमेर पूरा भएका ज्येष्ठ नागरिकलाई प्रदान गरिँदै आएको भत्ता कार्यक्रमलाई निरन्तरता दिने, ज्येष्ठ नागरिकमा भएको ज्ञान, सीप र अनुभव पुस्तान्तरण र हस्तान्तरण गर्न वडास्तरमा मिलन केन्द्र सञ्चालन गर्ने नीतिमा उल्लेख छ। पूर्णअशक्तलाई साविकमा दिइँदै आएको मासिक तीन हजारलाई बढाएर र छ हजार बनाइनेछ। युवाको व्यक्तित्व विकासका लागि खुला व्यायामशाला निर्माण गरिनेछ। एरोविक्स र योगा सञ्चालन गर्न पूर्वाधार विकास गरिने उल्लेख गरिएको छ। राष्ट्रिय अन्तर्राष्ट्रिय खेल प्रतियोगिता सञ्चालन गर्न क्लबसँग सहकार्य गरिने पनि बताइएको छ। आइतबार ४१ बुँदामा सार्वजनिक भएको नीति तथा कार्यक्रमका विषयमा यही असार ८ गते छलफल गर्ने जानकारी दिइएको छ।

# विपद्मा परी यस वर्ष ७३ जनाले गुमाए ज्यान

■ प्रभाव संवाददाता

**काठमाडौं–** विभिन्न प्राकृतिक विपद्बाट यस वर्ष ७३ जनाले अकालमै ज्यान गुमाइसकेका छन्। सबैभन्दा बढी चटचाङबाट २७ जनाको मृत्यु भएको छ भने आगलागीबाट १५, जंगली जनावरको आक्रमणबाट १०, पहिरोबाट आठ, हुरीबतासबाट आठ, सर्पदंशबाट तीन र बाढीबाट दुई जनाको मृत्यु भएको जनाइएको छ।

गत वैशाख १ देखि असार ५ गतेसम्म देशभरको विभिन्न विपद्का घटनामा परी घाइते हुनेको संख्या पनि निकै छ भने भौतिक सम्पत्तिको क्षयको यकीन विवरण आइसकेको छैन। प्रकोप पूर्वतयारी सञ्जाल (डिपिनेट)ले सञ्चारकर्मीका लागि आयोजना गरेको 'पूर्वसूचना प्रणालीमा सञ्चारको भूमिका' विषयक अन्तर्क्रियामा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानका पूर्वउपकूलपति प्रा.डा. जीवराज पोखरेलले केही वर्षयता प्राकृतिक विपद्का घटना बढ्दै गएकाले त्यसलाई नियन्त्रण गर्न मौलिक प्रविधिमा जोड दिनुपर्ने धारणा राखे।

सहरी बस्ती बसाउँदा सँगसँगै पोखरी बनाउनुपर्छ भन्ने कौटिल्यको सिद्धान्तलाई आत्मसात् गर्न सकिएमा बाढीपहिरो, आगलागीका घटना न्यून हुनुका साथै जैविक विविधता संरक्षण र जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणमा सहयोग पुग्ने उनको भनाइ थियो।

मौसमविद् एवं डिपिनेटका प्राविधिक सल्लाहकार डा. धरमराज उप्रेतीले मौसमको पूर्वसूचना अहिले पनि भारतको मौसम विभागबाट लिनुपर्ने अवस्था रहेको भए पनि तत्कालको भविष्यवाणी भने नेपालको जल तथा मौसम विज्ञान विभागको भरपर्दो रहेको उल्लेख गरे। मौसमविद् उप्रेतीले भने, 'विगतका वर्षको तुलनामा यस वर्ष मनसुनको चाप बढी रहेकाले यसले बाढी, पहिरो, कटान, डुबानजस्ता क्षति विपद् ल्याउने हुँदा त्यसबाट सुरक्षित रहन पूर्वतयारीदेखि पूर्वसूचना प्रणालीलाई समुदायस्तरसम्म पुऱ्याउन जरुरी छ।' उनले विपद्सम्बन्धी ज्ञान, प्रभावकारी अनुगमन, चुस्त सञ्चार प्रणाली र समुदायको क्षमताको विकास नभएसम्म विपद् जोखिम न्यूनीकरण गर्न कठिनाइ हुने बताए।

पूर्वशिक्षामन्त्री डा.गंगालाल तुलाधरले प्राकृतिक विपद्का कारण अकालमै ज्यान जाने, अंगभंग हुने र भौतिक सम्पत्ति क्षति हुने अवस्थालाई समयमै रोक्न सकिएमा त्यो महापूण्य कार्य हुने भएकाले यसमा लाग्न सबैलाई आग्रह गरे। उनले पूर्वतयारीमा एक डलर लगानी गरिएमा त्यसबाट राहत, पुनःस्थापनामा झण्डै सात डलर बराबर बचत हुने उल्लेख गर्दै विज्ञानमा आधारित जोखिम संवेदनशीलतालाई सबैले मनन गरी मौसमको पूर्वसूचना प्रणालीलाई समुदायस्तरमा पुऱ्याउन जरुरी रहेको बताए।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई स्वायत्त, अधिकारसम्पन्न र साधनस्रोत सम्पन्न नबनाएसम्म विपद् व्यवस्थापनलाई प्रभावकारी तुल्याउन आवश्यक रहेको प्रधानमन्त्रीको अध्यक्षतामा गठित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्का विज्ञ सदस्यसमेत रहनुभएका डा. तुलाधरको भनाइ छ।

डिपिनेटका कार्यवाहक अध्यक्ष डा. राजु थापाले प्राकृतिक विपद्का दृष्टिले नेपाल विश्वमै उच्च जोखिमपूर्ण अवस्थामा रहेकाले यसबाट हुने क्षति न्यून गर्न राजनीतिक नेतृत्वदेखि समुदायस्तरसम्म प्रभावकारी सूचना सम्प्रेषणमा जोड दिन आवश्यक रहेकाले यसमा सञ्चारकर्मीको भूमिकालाई सशक्त बनाउन आवश्यक रहेको बताए।

# विशिष्ट व्यक्तिको उडानमा दुई पाइलट अनिवार्य

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले नेपाल सरकारले तोकेका विशिष्ट व्यक्तिको हेलिकप्टर उडानमा अबदेखि अनिवार्य रूपमा दुई जना पाइलट राख्नुपर्ने निर्णय गरेको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेको अध्यक्षतामा आइतबार साँझ बसेको प्राधिकरण सञ्चालक समितिको बैठकले उक्त निर्णय गरेको हो। प्राधिकरणले एक विज्ञप्ति जारी गर्दै नेपालको आन्तरिक उडानमा रहेका हेलिकप्टरलाई अबका दिन विशिष्ट व्यक्तिको उडानमा अनिवार्य दुईजना पाइलट राख्नुपर्ने निर्णय गरिएको जनाएको छ।

यसैगरी प्राधिकरणले स्वचालित प्रणालीले तोकेबमोजिम दुई जना पाइलट राख्नुपर्ने अनिवार्य व्यवस्थासमेत गरेको छ। हाल नेपालमा १० वटा निजी र नेपाल सरकारको एक गरी ११ वटा हेलिकप्टर कम्पनी छन्।

प्राधिकरणले काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा जहाजको पार्किङ क्षमता भरिएकाले काठमाडौंबाहिर हेलिकप्टर र जहाजलाई सार्ने निर्णयसमेत गरेको छ।

हवाई जहाज सञ्चालक कम्पनीले यही असार १३ देखि तोकिएका आधार विमानस्थलमा जहाज पार्किङ गर्नुपर्ने जनाएको छ। यसैगरी हेलिकप्टरले पनि यही असार ७ गतेदेखि तोकिएका काठमाडौंबाहिरका विमानस्थलमा आफ्नो रात्रि बिसान गरी पहिलो उडान ती विमानस्थलबाटै अनिवार्य गर्नुपर्ने निर्णयसमेत गरेको छ।

## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

असार ७ गते मंगलबार (तिथिः अष्टमी, नक्षत्रः पू.फा., कृष्णपक्ष)

| | |
|---|---|
| मेष | नयाँ कार्यमा सावधानी अपनाउनुहोला। |
| वृष | घरेलु जिम्मेवारी बढ्नेछ। |
| मिथुन | आरामदायी समय बित्नेछ। |
| कर्कट | आर्थिक कार्यहरूमा अनुकूल प्रगति हुनेछ। |
| सिंह | वैदेशिक यात्रा हुने योग छ। |
| कन्या | प्रियजनसँग भेट हुनेछ। |
| तुला | यात्रा सफल हुनेछ। |
| वृश्चिक | राजनीतिक कार्य सफल हुनेछ। |
| धनु | बाहिरी सम्बन्ध राम्रो रहनेछ। |
| मकर | विद्यार्थीहरूका लागि राम्रो समय छ। |
| कुम्भ | सम्मान बढ्नेछ। |
| मीन | नकारात्मक कुराले अशान्ति पैदा गर्नेछ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आ'खा बैंक | ४४९३६८४ |
| नेपाल आ'खा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आ'खा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार ७ गते, २०७९, २१ जुन २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

# ‘प्रहरीको तनाव कम गर्न योगाभ्यास महत्त्वपूर्ण’

■ प्रभाव संवाददाता




**काठमाडौं–** गृहमन्त्री बालकृष्ण खाणले योगले मानव शरीर तथा मस्तिष्कलाई सन्तुलित र स्वस्थ राखी सकारात्मक सोचको विकास गर्ने बताएका छन् ।

आठौं अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा आयोजित योग शिविर तथा उत्प्रेरणा कार्यक्रममा उनले ‘मानवताको लागि योग’ भन्ने नारालाई आत्मसात् गरी प्रहरी कर्मचारीले कुनै पनि द्वेषभाव र मन मुटाव नराखी एक आपसमा सदभाव, सौहार्दता, मेलमिलाप र हार्दिकताको सम्बन्ध कायम गर्नुपर्ने सुझाव दिए । उनले विविध कारणले मानव जीवनमा उत्पन्न हुने तनाव, चिन्ता, रिस, आक्रोश, द्वेष र विचलनलाई नियन्त्रण गर्न योगाभ्यासले सहयोग गर्ने बताए ।

मानिसको भौतिक शरीर, मानसिक अनुभूति र शारीरिक अवस्थालाई सन्तुलनमा राखी तनाव कम गर्न तथा जीवनलाई शान्त, फलदायी र उत्पादनमूलक बनाउन योग प्रभावकारी हुने उनले बताए । योगाभ्यासलाई प्रशिक्षणमा सीमित नराखी आफ्नो व्यक्तिगत एवं व्यावसायिक जीवनमा समेत नियमित अभ्यास गर्न आग्रह गर्दै उनले भने, ‘योग एवं आसन, प्रणायम मात्र होइन एक अनुशासित जीवनशैली पनि हो ।’

गृहमन्त्री खाणले समाजमा हुने विभिन्न प्रकारका घटना, दुर्घटना र अपराधहरूको प्रभावकारी रोकथाम तथा नियन्त्रण गरी समाज र नागरिकलाई सुरक्षित राख्ने जटिल प्रकृतिको जिम्मेवारी वहन गर्ने सन्दर्भमा प्रहरी कर्मचारीहरूको तनाव व्यवस्थापनमा योग अभ्यासको अधिक महत्त्व रहने बताए । योग अभ्यासलाई प्रशिक्षणमा सीमित नराखी आफ्नो व्यक्तिगत एवं व्यावसायिक जीवनमा समेत नियमित अभ्यास गर्न उनले आग्रह गरे ।

कार्यक्रममा प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले नियमित योग अभ्यासले शरीर र मस्तिष्कलाई चुस्त, स्फूर्त राखी मानिसक तथा शारीरिक विकारहरूबाट मुक्ति दिलाउन मद्धत गर्ने बताए ।

योग गर्ने व्यक्तिमा सकारात्मक सोचको विकास हुने उल्लेख गर्दै उनले भने, ‘सकारात्मक सोँचले रिस द्वेष, बद्‌लाको भावनालाई समेत कम गर्छ । जसले समाजमा शान्ति र समृद्धि ल्याउन मद्दत गर्छ ।’

‘मानवताको लागि योग’ भन्ने नाराका साथ जुन २१ मा विश्वभर आठौं अन्तर ाष्ट्रिय योग दिवस मनाउने क्रममा योगको बारेमा चेतना अभिवृद्धि गर्न कार्यक्रमको आयोजना गरिएको उल्लेख गर्दै प्रहरी महानिरीक्षक सिंहले प्रहरी पेसामा योगको महत्त्वलाई मध्यनजर गरी नेपाल प्रहरीका विभिन्न तालिम पाठ्यक्रममा योगलाई समेत समावेश गरिएको बताए ।

कार्यक्रममा प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले गृहमन्त्री बालकृष्ण खाणलाई कृतज्ञताको चिनो प्रदान गरेका थिए । उनले पतंजली योग समिति नेपालका मुख्य केन्द्रीय प्रभारी लवदेव मिश्र र समितिका युवा संयोजक लोक नाथ खनाललाई समेत कृतज्ञताको चिनो प्रदान गरे ।

पतंजली योग समिति नेपालका संरक्षक तथा कार्यक्रम संयोजक अवकाश प्राप्त प्रहरी नायब महानिरीक्षक ज्ञानेन्द्र बिक्रम महतले स्वागत मन्तव्य व्यक्त गरेको उक्त कार्यक्रममा पतंजली योग पिठका ट्रष्टि शालिक राम सिंहले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

सो अवसरमा पतंजली योग समिति नेपालका मुख्य केन्द्रीय प्रभारी लभदेव मिश्रले योगाभ्यास गराउनुका साथै पतंजली सेवा श्रमका बालबालिकाहरूले विशेष प्रस्तुती गरेका थिए ।

# हिंसा न्यूनीकरणका लागि सशक्तीकरणमा जोड

■ प्रभाव संवाददाता




**काठमाडौं–** सरोकारवालाहरूले कार्यस्थलमा हुने हिंसा न्यूनीकरणका लागि पत्रकार महिलाको सशक्तीकरणमा जोड दिनुपर्ने बताएका छन् ।

नेपाल पत्रकार महासंघको महिला विभागले सोमबार गरेको अन्तरक्रिया कार्यक्रममा सहभागीहरूले लिंगका आधारमा हुने विभेद अन्त्यका लागि पेसागत, आर्थिक, सामाजिक रूपमा समेत महिलाहरू आत्मनिर्भर हुनुपर्ने बताएका छन् ।

कार्यक्रममा प्रेस काउन्सिल नेपालका पूर्वअध्यक्ष राजेन्द्र दाहालले पत्रकारिता क्षेत्रमा हुने लैगिक हिंसाको यकीन तथ्य र तथ्यांक आउनेगरी अध्ययन अनुसन्धानको खाँचो औल्याए । उनले कार्यक्षेत्रमा हुने पत्रकार महिलामाथि हुने हिंसाका विषयमा बहस सुरु हुनु सकारात्मक भएको बताउँदै समस्या समाधानका लागि सबै पक्ष सचेतनापूर्वक लाग्नुपर्ने बताए ।

नेपाल पत्रकार महासंघकी पूर्व उपाध्यक्ष यशोदा तिम्सिनाले कार्यस्थलमा पत्रकार महिलाको सुरक्षा विषयमा कार्यकपत्र प्रस्तुत गर्दै पछिल्लो समयमा डिजिटल हिंसाका घटना बढेको बताए । उनले समय अनुसार हिंसाका प्रकृतिहरू फरक परेको उल्लेख गर्दै सामाजिक सचेतना जगाउनुपर्ने खाँचो औल्याए ।

कार्यक्रममा प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले नेपाल पत्रकार महासंघ र प्रेस काउन्सिल नेपालले जारी गरेको पत्रकार आचासंहिता पूर्णरूपमा कार्यान्वयन गरे हिंसाका घटना स्वत कम हुने उल्लेख गरे । उनले कार्यक्षेत्रमा हुने हिंसा तथा असुरक्षाका सवालमा सम्पादकले दायित्व लिनुपर्ने भन्दै सञ्चारगृहले कार्यक्षेत्रमा पत्रकार महिलाको सुरक्षाका लागि आन्तारिक निर्देशिका निर्माण गर्नुपर्ने बताए ।

नेपाल पत्रकार महासंघका वरिष्ठ उपाध्यक्ष रमेश विष्टले पत्रकारको सुरक्षाका लागि नेपाल पत्रकार महासंघले पत्रकार सुरक्षा निर्देशिका निर्माण गरेको बताए । उनले उक्त निर्देशिका कार्यान्वयनमा आए कार्यस्थलमा पत्रकार महिलामाथि हुने हिंसाका घटनामा न्यूनिकरण हुने बताए ।

महासंघकी उपाध्यक्ष तथा महिला विभाग संयोजक बाला अधिकारीले पछिल्लो समय पत्रकार महिलामाथि कार्यक्षेत्रमा भएका हिंसाका घटनाहरू सार्वजनिक भइरहेको र मौखिक तथा लिखित उजुरी महासंघमा आउन थालेको बताए । उनले पत्रकारको न्यायका लागि महासंघले निशुल्क कानुनी सहायता दिने भन्दै कुनै पनि हिंसामा परेका पत्रकारले महासंघमा जानकारी दिन समेत आग्रह गरे ।

महासंघका महासचिव रोशन पुरीले कार्यक्षेत्रमा रहाँ कुनै पनि पत्रकारलाई हिंसा भएको खण्डमा महासंघमा उजुरी दिन आग्रह गरे । उनले पत्रकारमाथि हुने कुनैपनि हिंसाका घटनामा महासंघले निशुल्क कानुनी सहायता उपलब्ध गराउने बताए ।

नेपाल पत्रकार महासंघकी सल्लाहकार निर्मला शर्माले पत्रकारितामा क्षेत्रमा लागेका महिलाहरू लामो समय सम्म पेसामा टिकिरहनु चुनौतीपूर्ण रहेको बताए । उनले भएका ऐन नियम पूर्ण कार्यान्वयन गर्न सके हिंसाका घटनामा कमी आउने बताए ।

कार्यपत्रमाथि टिप्पणी गर्दै पत्रकार राधा चालिसेले महिलाका मुद्दामा पत्रकारका संघ संगठनहरू एक ठाउँमा उभिएर महिलाका मुद्दामा कार्यतालिका नै बनाएर नियमित छलफल गर्नुपर्ने बताए । पेसागत, आर्थिक तथा भौतिक विषयमा महिलाहरू आत्मनिर्भर हुन सके हिंसाका घटनाहरू कम हुन सक्ने बताए ।

कार्यस्थलमा हुने हिंसा र त्यसको कानूनी उपचार बारे कार्यपत्र प्रस्तुत गर्दै अधिवक्ता विष्णुकुमार गिरीले गर्भावस्थादेखि नै महिलामाथि हिंसा सुरु भएको उल्लेख गरे । उनले नेपालमा भएका कानुन कार्यान्वयनका लागि पिडीतहरूपनि सक्रियरूपमा अगाडी आउनुपर्ने बताए ।

कार्यक्रममा सञ्चारिका समुहकी अध्यक्ष बिमला तुम्खेवा, श्रमजीवी पत्रकार संघ नेपालका अध्यक्ष जन्मदेव जैसी, पत्रकार दिपा दाहाल, विष्णुमाया पौडेल लगायतले धारणा राख्नुभएको थियो । कार्यक्रमको पत्रकार निशा ओलीले सहजीकरण गरे ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BIOASIA WORLDWIDE SDN BHD

पूर्व स्वीकृति मिति २०७६/१०/१० पुन विज्ञापन स्वीकृति मिति २०७९/०३/०५ LT. No. 231611 चलानी नं ६०१५०४८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 35 | 0 | 1200 | ३४,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः असार १३ गते (27th June. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५०० कामदार आफैले सेवा शुल्कः निःशुल्क।-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sansar International Services Pvt. Ltd.** श्रम ईजाजत नं. ८९८/०६७/०६८

Basundhara-3, Kathmandu, Nepal Tel : +977-1-4385490, Fax : +977-1-4358488



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BLANC DENTAL CLINIC.

पूर्व स्वीकृति मिति : २०७९/०३/०६ पुन विज्ञापन स्वीकृति मिति :२०७९/०३/०६ LT. No. 264965 चलानी नं.६०१८१३६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KWD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 5 | 95 | ३४,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Dental Hygienist | 0 | 10 | 350 | १४२७१ | | | | | | | |
| 3 | Dental X-ray | 0 | 5 | 325 | १३२५२५ | | | | | | | |
| 4 | Doctor | 5 | 5 | 800 | ३२,६२० | | | | | | | |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा असार १४ गते (28th June. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com


## सुदूरपश्चिम विश्वविद्यालय
कानून संकाय
डीनको कार्यालय
महेन्द्रनगर, कञ्चनपुर

## उपप्राध्यापक पदपूर्ति सम्बन्धी सूचना

(प्रथमपटक प्रकाशित मिति २०७९।०३।०७)

सुदूरपश्चिम विश्वविद्यालय कानून संकाय अन्तर्गतका विभिन्न क्याम्पसहरूमा अध्यापन गर्नका लागि तपसिल बमोजिमका शैक्षिक पदमा खुल्ला प्रतियोगिताबाट पदपूर्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरूबाट मिति २०७९/०३/२१ गते अपरान्ह ३:०० बजे भित्र सुदूरपश्चिम विश्वविद्यालय कानून संकायमा आइपुग्ने गरी दरखास्त आह्वान गरिन्छ । दरखास्त फाराम कानून संकायको केन्द्रीय कार्यालयबाट प्राप्त गर्न सकिने छ, वा संकायको website बाट डाउनलोड गर्न सकिने छ ।

**विज्ञपन नः** ०१/२०७९/०८०

**पदः उपप्राध्यापक**

**बिषयः कानून**

**संख्याः ५**

**अस्थायी/ करारः करार**

**परीक्षाको किसिमः लिखित तथा अन्तर्वार्ता**

**शैक्षिक योग्यताः मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा द्वितीय श्रेणीमा एल, एल, एम उत्तिर्ण गरेको**

**दरखास्त दस्तुरः** रू १५००।००

**आवश्यक कागजातहरूः**

१. प्रवेशिकादेखि माथिका सबै शैक्षिक योग्यताका प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरू १/१ प्रति ।
२. हालसालै खिचेको पासपोर्ट साइजको फोटो दुई प्रति ।
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
४. व्यक्तिगत विवरण दुई प्रति ।
५. उमेमेदवारर दरखास्त मितिको अन्तिम दिन २१ वर्ष पुरा गरी ४५ वर्ष ननाघेको हुनुपर्ने छ ।
६. सम्पर्क मिति २०७९।०३।२२ ।
७. लिखित परीक्षाको मिति २०७९।०३।२५ ।
८. परीक्षा दस्तुर सुदूरपश्चिम विश्वविद्यालयको नाममा ने.बै.लि महेन्‍नगर शाखामा रहेको च.हि.नं.१५६००१०६६५४६९५००००००१ जम्मा गरेको भौचर दरखास्त साथ पेस गर्नुपर्ने छ ।


## कर्मचारी आवश्यकता

यस **Vera Health Pvt.Ltd.** कम्पनीका लागि कर्मचारी आवश्यकता परेको हुदाँ इच्छुक व्यक्तिहरुले आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**पद** : Call Center / Customer Services
**संख्या** : ५0
**योग्यता** : +2 pass
**समय** : बिहाँन ९:०० बजेदेखि ५:०० बजेसम्म
दिउँसो १:०० बजेदखि ९:०० बजेसम्म

**तलब** : रू. २0,000।-

**Vera Health Pvt.Ltd.**
Bashundhra, Kathmandu, Nepal
Phone No.9803496508
Email : verahealthnp@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# असल अभ्यासको थालनी

सरकारले वैदेशिक रोजगारीमा गएका नेपालीहरूका लागि प्राथमिक सेयर निष्काशन (आइपिओ)मा आरक्षणको व्यवस्था गर्ने तयारी गरेको छ। उक्त आरक्षणमा सहभागी हुन वार्षिक न्यूनतम एक लाख रूपैयाँ रेमिटचान्स पठाएको हुनुपर्ने व्यवस्था गर्न लागिएको छ।

सरकारले आगामी आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमार्फत् वैदेशिक रोजगारीमा गएका नेपालीहरूलाई आइपिओ निष्काशनमा १० प्रतिशत आरक्षणको व्यवस्था गर्ने घोषणा गरेको हो। यसका लागि औपचारिक माध्यम (रेमिटचान्स कम्पनी र बैंक)मार्फत वर्षमा कम्तीमा पनि एक लाख रूपैयाँ नेपालमा पठाएको हुनुपर्ने प्रावधान राख्न लागिएको छ।

रोजगारीका लागि विदेशमा रहेका व्यक्तिले औपचारिक माध्यमबाट वार्षिक एक लाख रूपैयाँ पठाएको पाइएमात्रै आरक्षण गरिएको १० प्रतिशत आइपिओ भर्न पाउने गरी नेपाल धितोपत्र बोर्डले कार्यविधि बनाइरहेको छ। विदेशमा रहेका श्रमिकले आरक्षण गरिएको आइपिओमा सहभागी हुनलाई केही मात्रा भए पनि रेमिटचान्समा योगदान पुर्‍याउन् भन्ने उद्देश्यले कार्यविधि निर्माण गरिरहेको छ। प्राथमिक सेयरमा आरक्षण पाउन निश्चित रेमिटचान्सको सीमा नतोकिए पनि मोटामोटी रूपमा एक लाख रूपैयाँ पठाउनेलाई सहभागी गराउने विषयमा कार्यविधि निर्माण समितिमा छलफल भइरहेको छ।

मुलुकमा भएको विदेशी मुद्रा सञ्चितिमा गिरावट आएपछि सरकारले विदेशी मुद्रा भित्र्याउन वैदेशिक रोजगारीमा गएका नेपालीहरूलाई सेयरमा आरक्षण व्यवस्था गर्ने नीति लिएको हो। वैदेशिक रोजगारीमा गएकाहरूलाई १० प्रतिशत सेयर आरक्षण गरिए पनि ठूलै मात्रामा विदेशी मुद्रा भित्रिने सरकारले विश्वास लिएको छ। यसमा धितोपत्र बोर्डले १० प्रतिशत सेयर आरक्षित गर्ने सवालमा सरकारले बजेटमा घोषणा गरेअनुसार नै कार्यान्वयन हुने जनाएको छ।

वैदेशिक रोजगारीमा रहेकाहरूले आइपिओ भर्न अनलाइनबाटै डिम्याट खाता खोल्न सकिने बोर्डले जनाएको छ। यस्तो खाता खोल्दा पहिलो चरणमा भिडियो कलबाट उनीहरूको व्यक्तिगत विवरण लिने र पछि रोजगारीबाट नेपाल फर्किएको समयमा आफैं उपस्थित भएर पहिचान अद्यावधिक गराउनुपर्ने नियम लागू गर्ने बोर्डको योजना छ। यसैको प्रयोगस्वरूप नेपालका केही बैंकले भिडियो कलबाट व्यक्तिगत पहिचान विवरणसम्बन्धी फाराम भर्न थालिसकेको बोर्डले जनाएको छ।

डिम्याट खाता सञ्चालनमा आइसकेपछि वैदेशिक रोजगारीमा गएकाहरूले नेपालमै रहेका सर्वसाधारणले जस्तै आफ्नो सेयर खाताको जानकारी पाउन र कारोबार गर्न सक्ने छन्। वैदेशिक रोजगारीमा रहेका नेपालीले वार्षिक रूपमा झण्डै १० खर्ब रूपैयाँ रेमिटचान्स पठाउने गरेको राष्ट्र बैंकले उल्लेख गरेको छ। यद्यपि, पछिल्लो समय मुलुकभित्र आउने रेमिटचान्समा गिरावट आएसँगै वैदेशिक रोजगारीमा जानेहरूलाई आकर्षित गर्न सरकारले सेयरमा आरक्षण दिने मात्र नभई विभिन्न योजनामा सहभागी गराउने नीति अघि सारेको छ।

वैदेशिक रोजगारीमा रहेकाहरूले हुण्डीलगायत गैरकानुनी माध्यमबाट रकम पठाउँदा एकातिर जोखिम बढेको छ भने अर्कोतिर राज्यको विदेशी मुद्रा सञ्चिति घटिरहेको छ। सरकारले बनाएको यो योजना लागू भयो भने साँच्चै असल अभ्यासको सुरुआत हुनेछ। वैदेशिक रोजगारीमा हुनेले स्वदेशी कम्पनीमा लगानी गर्ने वातावरण बन्नेछ। जसले गर्दा थाहै नपाई थोरै रकम भए पनि भविष्यका लागि बचत हुनेछ। आइपिओ भर्नका लागि विदेशमा रहेका नागरिकले औपचारिक माध्यमबाट रकम पठाउँदा राज्यको विदेशी मुद्रा सञ्चिति पनि बढ्ने छ।

समग्रमा हेर्दा यो व्यक्ति स्वयं र राज्यका लागि पनि फाइदाजनक छ। बरू यसलाई कार्यान्वयन गर्ने विषयमा सरकारी संयन्त्र चुक्नु हुँदैन। आइपिओ भर्नका लागि वैदेशिक रोजगारीमा रहेकाहरूलाई व्यवस्था गर्न लागेको आरक्षणको व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउनुपर्छ। यसबाट ठूलो संख्यामा विदेशमा कार्यरत नेपालीहरू लाभान्वित हुने निश्चित छ।

# बेरोजगारी अन्त्य गर्न प्रदेश सरकारका कार्यक्रम

▶▶ अशोक घिमिरे

सातवटै प्रदेशका सरकारले असार १ गते आगामी आर्थिक वर्षका लागि बजेट प्रस्तुत गरेका छन्। संविधानका अनुसूचीअनुसार प्रदेश सरकारका क्षेत्राधिकारभित्र पर्ने विषयलाई सम्बोधन गर्ने गरी प्रदेश सरकारका बजेट आएका छन्। सातै प्रदेशले रोजगारी सिर्जना, सीपमूलक तालिम प्रदान, औद्योगिक क्षेत्रका प्रवर्द्धनका लागि बजेट विनियोजन गरेका छन्।

बागमती प्रदेश सरकारले १० हजार युवालाई स्वदेशमै काम गर्नसक्ने गरी स्वरोजगारमूलक सीप सिकाउन 'मुख्यमन्त्री सीप विकास तथा रोजगार कार्यक्रम' सञ्चालन गर्ने घोषणा गरेको छ। सो कार्यक्रममा प्रदेशभित्रका गरिब, विपन्न र द्वन्द्वपीडित परिवारका व्यक्तिलाई सीपमूलक तालिममा प्राथमिकता दिइने उल्लेख छ। उक्त कार्यक्रम सञ्चालन गर्न १५ करोड रूपैयाँ विनियोजन गरिएको छ। यस कार्यक्रमअन्तर्गत उद्योगसँग सहकार्य गरी कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराइने तथा श्रमिकको पञ्जीकरण गर्ने व्यवस्था मिलाउन बजेट विनियोजन गरिएको छ।

आगामी आर्थिक वर्षमा प्रदेश श्रम तथा रोजगार नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइने, श्रमिकहरूको व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य मापदण्डको अवलम्बन गरी कार्यस्थललाई सुरक्षित बनाउन नियमनकारी भूमिका बढाइने उल्लेख छ। श्रम, रोजगार तथा यातायात मन्त्रालयमा श्रमिकको हकहितको संरक्षण र सम्वर्द्धनका लागि श्रमिक 'हेल्प डेस्क' सञ्चालनमा ल्याउने र श्रमको सम्मान गर्ने संस्कृतिको विकास गरिने बजेटमा समावेश छ। बागमती प्रदेश सरकारले श्रम, रोजगार तथा यातायात व्यवस्था मन्त्रालयका लागि ९७ करोड २४ लाख रूपैयाँ बजेट विनियोजन गरेको छ।

प्रदेश १ सरकारले स्वरोजगार अभिवृद्धिका लागि ब्युटिसियन, सिकर्मी, डकर्मी, हजाम, इलेक्ट्रिसियन, प्लम्बिङ एवं अन्य सीपयुक्त प्राविधिक उत्पादन गर्न तालिम कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छ। प्रदेश सरकारको बजेट प्रस्तुत गर्दै आन्तरिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आङ्बोले आगामी वर्ष रोजगार सूचना केन्द्रको सुदृढीकरण गरिने बताए। प्रदेश सरकारले रोजगार नीति निर्माणसमेत गर्ने भएको छ।

श्रमिक र रोजगारादताबीच सहजीकरण गर्न प्रदेश श्रम सल्लाहकार परिषद्लाई थप क्रियाशील बनाइने, श्रमिकको सामाजिक सुरक्षा र सामाजिक संवादसम्बन्धी प्रादेशिक नीति एवं कानुन निर्माणका लागि बजेट व्यवस्था गरिएको छ। प्रदेश १ सरकारले उद्योग, वाणिज्य, श्रम तथा रोजगार क्षेत्रका लागि ४६ करोड ८८ लाख रूपैयाँ विनियोजन गरेको छ।

लुम्बिनी प्रदेश सरकारले 'बेरोजगारलाई रोजगार : साथमा छ प्रदेश सरकार' भन्ने नीतिअनुरूप श्रमबजारमा रोजगारीको अवसर तथा सम्भावनाको अध्ययन गरी बेरोजगार युवाशक्ति, लक्षित वर्ग र द्वन्द्व प्रभावित परिवारलाई माग र आवश्यकताका आधारित सीपमूलक तालिम र वस्तुगत सहयोग कार्यक्रम सञ्चालन गर्ने भएको छ। उक्त कार्यक्रमका लागि तीन करोड ४८ लाख रूपैयाँ विनियोजन गरिएको छ। गुणस्तरीय तालिम सञ्चालन गर्न प्युठानमा ल्याबसहितको 'सीप प्रतिष्ठान' स्थापना गर्न एक करोड रूपैयाँ विनियोजन गरिएको छ। वैदेशिक रोजगारीमा जाने युवालाई तालिम तथा सीपविकास कार्यक्रम सञ्चालन, वैदेशिक रोजगारीबाट फर्केका युवाको सीप परीक्षण गरी सीपसँग सम्बन्धित पेसा व्यवसायमा आबद्ध गराउन आवश्यक व्यवस्था मिलाइने उल्लेख छ।

प्राविधिक शिक्षालयसँग सहकार्य गरी कोभिड-१९ महामारीका कारण रोजगारी गुमाएका युवाको सीप स्तरोन्नति तालिम तथा युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरिने, 'गर र सिक' कार्यक्रमअन्तर्गत सीप सिक्न चाहने व्यक्तिका लागि निजी क्षेत्रको सहकार्यमा औद्योगिक तथा व्यावसायिकस्थलमा गई काम गरेर सिक्नका लागि प्रोत्साहन गर्न बजेट विनियोजन गरिएको छ। बालश्रम निषेध गर्न उद्योग, कलकारखाना तथा व्यवसायको नियमित अनुगमन तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

मधेस सरसकारले उद्योगलाई चाहिने जनशक्ति उत्पादन गर्न निजी, गैरसरकारी संस्था, स्थानीय तहको समेत सहभागितामा मुख्यमन्त्री सीप प्रवर्द्धन तथा रोजगार कार्यक्रममा २५ करोड विनियोजन गरिएको अर्थमन्त्री शैलेन्द्रप्रसाद साहले जानकारी दिए।

कर्णाली प्रदेश सरकारले श्रम तथा रोजगार सचेतना तथा प्रवर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, बालश्रमिक निषेध प्रदेश निर्माणका लागि अभियानमूलक सचेतना कार्यक्रम सञ्चालन गर्ने भएको छ। आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दै आर्थिक मामिला तथा योजनामन्त्री विन्दमान विष्टले वैदेशिक रोजगारबाट फर्कका तथा स्वदेशभित्र रोजगारीबाट बञ्चित युवाको सीप, प्रविधि र जाँगरलाई सिर्जनशील उद्यमीमार्फत स्वरोजगार बनाउने कार्यक्रम सञ्चालन गरिने बताए।

गण्डकी प्रदेश सरकारले व्यावसायिक उत्पादन तथा रोजगारी अभिवृद्धिका लागि युवामा उद्यमशील सोचको विकास गराइ स्थानीय श्रम, पुँजी र प्रविधिजस्ता कच्चा पदार्थमा आधारित उद्योग स्थापना गर्न उद्यमशीलता विकास, सीपमूलक तालिम र स्टार्टअप व्यवसायलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गर्ने भएको छ। गण्डकी प्रदेशका अर्थमन्त्री रामजीप्रसाद बरालले आगामी आवको बजेट पेस गर्दै परम्परागत सीप र प्रविधिमा आधारित घरेलु तथा साना उद्योग व्यवसायलाई आधुनिकीकरण गरी व्यावसायिक क्षमता वृद्धि गर्न उपयुक्त प्रविधि हस्तान्तरणको कार्यक्रमलाई निरन्तरता दिइएको बताए।




**बागमती प्रदेश सरकारले प्रस्तुत गरेको बजेटमा आगामी आर्थिक वर्षमा प्रदेश श्रम तथा रोजगार नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइने, श्रमिकहरूको व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य मापदण्डको अवलम्बन गरी कार्यस्थललाई सुरक्षित बनाउन नियमनकारी भूमिका बढाइने उल्लेख छ। श्रम, रोजगार तथा यातायात मन्त्रालयमा श्रमिकको हकहितको संरक्षण र सम्वर्द्धनका लागि श्रमिक 'हेल्प डेस्क' सञ्चालनमा ल्याउने र श्रमको सम्मान गर्ने संस्कृतिको विकास गरिने बजेटमा समावेश छ।**

कार्यस्थलमा नै प्रशिक्षण दिई सोही उद्योग तथा व्यावसायिक प्रतिष्ठानमा रोजगारी दिने व्यवस्था मिलाइ बजेट वक्तव्यमा उल्लेख छ।

वैदेशिक रोजगारीबाट फर्केका तथा हरेक वर्ष श्रम बजारमा प्रवेश गर्ने युवालाई लक्षित गरी उद्यमशीलता प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरी स्वरोजगार बनाइने, वैदेशिक रोजगारीमा जाने युवालाई आवासीय, आवधिक, सघन सीपमूलक र गन्तव्य मुलुकमा माग हुने तालिम र सीप परीक्षण तथा प्रमाणीकरण गर्न प्राविधिक शिक्षा तथा व्यावसायियक परिषद्सँग सहकार्य गरिने बजेटमा उल्लेख छ।

स्वरोजगार, औपचारिक तथा अनौपचारिक क्षेत्र र वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्दै लैजान संघीय सरकार र सामाजिक सुरक्षा कोषसँग सहकार्य गरिने, संघीय सरकारसँगको सहकार्यमा प्रदेश सरकारअन्तर्गत कार्यरत अस्थायी ज्यालादारी र करारमा कार्यरत

सुदूरपश्चिम प्रदेश सरकारले 'सीप सिकौं, उद्यमशील बनौं' सफल बनाउन गुणस्तरीय बहुसीपयुक्त मानव संशाधनको विकास गरी रोजगार र स्वरोजगारका सम्भावना अभिवृद्धि गर्न महिला, दलित, जनजाति र पिछडिएका समूहलाई विशेष लक्षित गरी विभिन्न प्रकारका व्यावसायिक तथा सीपमूलक तालिम सञ्चालन गर्ने घोषणा गरेको छ। सो कार्यक्रमका लागि चार करोड १५ लाख रूपैयाँ विनियोजन गरिएको आर्थिक मामिलामन्त्री प्रकाश रावलले जानकारी दिए। कार्यस्थलमा कामदारको सुरक्षा, स्वास्थ्यसम्बन्धी परामर्श, उद्यमशीलताको विकास, उत्कृष्ट श्रमिक उद्यमी पहिचान र पुरस्कृत गर्ने कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरिएको छ। *रासस*

## मननयोग्य

### विदुर नीति

धैर्य, शान्ति, इन्द्रिय नियन्त्रण, शुद्ध व्यवहार, दया, कोमल वा नरम बोली र मित्रद्रोह नगर्नु यी सातवटा यस्ता गुण हुन् जसले मानिसको समुन्नति र प्रगति गराउँछ।

जुन राजा वा मानिसले आफूमा आश्रित रहेका व्यक्तिहरू (भाइ, छोराहरू) लाई भाग-वण्डा, बाँडफाँड नगरेर सारा सम्पत्ति आफैले मात्र हडप्दछ। त्यस किसिमको दुष्ट स्वभाव भएको कृतघ्न एवम् निर्लज्ज राजा या मानिसलाई जनता एव्म हितैषी साथीभाइहरूले साथ दिन छाड्दछन्।

जसरी सर्प पसेको घरको मानिसले रातमा निश्चित (मस्त) सँग सुत्न सक्तैन। त्यसैगरी यदि मानिस आफैं दोषी छ भने उसको अवगुणहरू बिलकुलै नभएका आफ्ना अन्तरङ्ग मित्रहरूलाई पनि चिदाउँछ (नाखुश पार्छ) त्यसैपछि उसले रातमा पनि सुखको निद्रा पाउँदैन।

जुन मानिसलाई दोषरोपण गर्दा उनीहरू रिसाए भने आफ्नो जीवनवृत्तिमा असर पार्न जान्छ त्यस्ता मानिसलाई सदैव देवतालाई जस्तै गरेर खुसी राख्नुपर्दछ।

जसले धन सम्पत्तिजस्ता कुरालाई स्त्री, बौलाहा, सामाजिक रूपले बहिष्कृत (पतित) अनि दुष्ट मानिसहरूको जिम्मामा सुम्पने गर्छ। यस्ता व्यक्तिहरूमा यी कुराहरू उपलब्ध हुनेवाला पनि छन् भने यसरी हुने सम्पत्तिको प्राप्तिलाई सन्देहात्मक रूपले हेर्ने गर्नुपर्दछ।

जुन देशको शासन स्त्री, जुवाडे, बालक आदिको हातमा छ त्यस देशमा जनताको अवस्था ढुंगो वा पत्थरले बनेको डुंगामा चढेर गहिरो समुद्रको यात्रा गर्ने यात्रीहरूसरह हुन्छ, जो सधैं विपत्तिरूपी समुद्रमा डुब्दछन्।

जो मानिस जे जत्ति काम गर्न आवश्यक छ त्यती मात्र काम गर्न संग्लन रहन्छ र धेरैमा हात हाल्ने, त्यस्तो मान्छेलाई म पण्डित हो भन्ने ठान्दछु। किनकि धेरै ठाउँमा हात हाल्नु भनेको संर्घषको कारण हुन जान्छ।

**क्रमशः**

## पत्र–मञ्जुषा

# पुरुषमाथिको विभेद हटाऔं

सरकारले जनतामाथि नै भेदभाव गरेको छ। पछिल्लो समय हरेक क्षेत्रमा पुरुषमाथि भेदभाव भइरहेको पाइन्छ। बिहे दर्ता भएलगत्तै श्रीमान् मर्नेबित्तिकै श्रीमतीले एकल महिलाभत्ता पाउँछिन्। तर, श्रीमती मरेका पुरुषले एकल पुरुष भत्ता पाउँदैनन्। श्रीमती मरे पनि बालबच्चा त हुन्छ नै। अर्की श्रीमती ल्यायो भने आफ्नो छोराछोरीमाथि भेद्भाव हुन्छ भनेर दोस्रो बिहे नै नगरी एक्लै बस्ने पुरुषहरू यत्तिकै छन्। यता, श्रीमती मरेकालाई छोरी दिनुहुन्न भन्ने विश्वास हाम्रो समाजमा छ। उता, उसको उमेर पनि ढल्किसकेको हुन्छ। बच्चा भएका पुरुषसँग कुनचाहिँ महिला नाता गाँस्न चाहन्छिन् ?

कतिपयले दोस्रो विवाह गरे पनि सुख पाएका छन्। कान्छी ल्याउनेबित्तिकै जेठीका छोराछोरीलाई देख्न सक्दैनन्। विष खान दिएर मारेको तितो सत्य पनि हाम्रो समाजमा घटेको छ। कुटपिट गर्नं, खान नदिनु र शोषण गर्नं सानीआमाबाट प्रायःजसो बालबालिकाले भोगेको भोगाइ हो यो। त्यही भएर पनि अर्को विवाह गर्नं पुरुषका निम्ति पनि निकै कठिन छ। आफ्नो छोराछोरीलाई नराम्रो हुने डरले एक्लो जीवन बिताउने पुरुष पनि प्रशस्तै छन्। बच्चालाई खान लाउन दिनु, पढाउनु हरेक बाबुआमाको कर्तव्य हो। तर, श्रीमती मरेको हकमा बाबुले कमाएर ल्याओस् कि बालबच्चा हेरोस्। जता हेर्‍यो उतै द्विविधा छ।

श्रीमती गुमाएर एक्लो बसेका श्रीमान् र उसको बालबच्चाले सरकारलाई प्रश्न गर्छन्- के हामीचाहिँ नेपाली नागरिक होइन ? सरकारले किन हामीमाथि भेद्भाव गरिरहेको छ ? श्रीमान् मरेको महिलालाई महिनैपिच्छे भत्ता दिइन्छ। आमाले भत्ता ल्याएर भए पनि छोराछोरीको पेट त भरिरहेकी छन्। तर, बाबुमात्र भएका बालबच्चाले चाहिँ पेटभरि खान पनि नपाउने ? कस्तो नियम हो यो ? हरेक नेपाली दिदीबहिनीको कोखबाट जन्मेको बालबच्चा नेपाली नागरिक नै हो नि। तर, सरकारले काखा र पाखा गर्ने काम गरिरहेको छ ? श्रीमती मरेर एक्लै बसेको पुरुषले पनि राज्यलाई कर तिरेको छ। राजनीतिक दल पनि भोट पनि दिएको छ।

जसरी हुन्छ उसले आफ्नो कर्तव्य पूरा गरेको छ। एकल महिलाले पनि जनताले तिरेको करबाट भत्ता पाएको हो। एकल पुरुष होस् कि महिला दुवैको नागरिकता त नेपाली नै छ। तैपनि यत्रो भेद्भाव किन ? सरकारले दुवैलाई समान व्यवहार गर्नंपर्छ। एकल पुरुषलाई पनि भत्ताको व्यवस्था गर्नंपर्छ। संसारमा आमा गुमाउनु जति पीडा अरू कोही गुमाउनुमा सायदै होला। आमाले दिने मायाजति अरू कसैले पनि दिन सक्दैनन्। तर, आमा गुमाएका नाबालकले माया र स्याहारसुसार त गुमाइहाले। उनीहरूले आफ्नो हकअधिकार पनि गुमाएका छन्। सरकारले त्यो नाबालकमाथि खेलवाड गरेको छ। उनीहरूको भविष्य सरकारले नै सुनिश्चित गर्नंपर्छ।

जनताबाट चुनिएर आए पुरुष सांसदले यो विषय आजसम्म पनि सदनमा उठाएका छैनन्। यो विषय नकोटचाउँदा एकल पुरुषलाई धेरै धौ-धौ भएको छ। उनीहरूको घाउमा मल्हम लगाउन कोही पनि अघि बढेका छैनन्। निकम्मा सांसदहरूका कारणले एकल पुरुषले त दुःख पाइहाले। उता, उसको बालबच्चाको भविष्य पनि अन्धकारतिर दौडिरहेको छ। यसका लागि एउटा उदाहरण नै काफी छः पल्लो घरको एकल महिलाले मासिक भत्ता पाउँछिन्। उनले आफ्नो छोरीछोरी पढाएकी छन्। खान लाउन दिएकी छन्। तर, वल्लो घरको एकल पुरुष हेरेको हेर्‍यै। न उसको छोराछोरी पढ्न जान्छन् न उसले पेटभरि खान नै दिन सकेको छ।

जोडसहित आवाज उठाइदिने हो भने सरकारले पक्कै पनि निर्णय गर्छ। यसले एकल पुरुषलाई थोरै भए पनि राहत हुन्छ। एकल महिला कति छन् भन्ने विवरण सरकारसँग छ। तर, एकल पुरुषको विवरण छैन। अब सरकारले एकल पुरुषको तथ्यांकक संकलन गर्नंपर्छ। विवाह नगर्ने कति छन् यसबारे पनि सबैलाई थाहा हुनुपर्छ। यसमा वडा, नगर, सम्बन्धित निकाय सबैको ध्यान जाओस्।

*रमिसा श्रेष्ठ, काभ्रे*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ। यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो। -सं.

# 'मातृभाषालाई सरकारी कामकाजमा प्रयोग गर्दा समस्या पर्दैन'

■ प्रभाव संवाददाता



**मोरङ–** प्रदेश १ का मुख्यमन्त्री राजेन्द्रकुमार राईले प्रदेशको मातृभाषालाई कामकाजको भाषा बनाउँदा कसैलाई समस्या नपर्ने बताएका छन् ।

भाषा आयोग काठमाडौंद्वारा आयोजित प्रादेशिक भाषा संगोष्ठीको उद्घाटन गर्दै उनले राज्यको कामकाजमा मातृभाषालाई समावेश गर्नाले पहिचान र आत्मसम्मान कायम हुनाले व्यक्ति विकासमा सघाउ पुग्ने बताए ।

उनले कामकाजको भाषा मातृभाषा बनाउने सम्बन्धमा संवेदनशील भएर प्रतिक्रिया दिन अनुरोध गर्दै मातृभाषाको प्रयोगबाट सम्बन्धित भाषीलाई अध्ययन, अनुसन्धान, इतिहास लेखन र ज्ञान आर्जनमा सहज हुने बताए ।

उनले मुलुकभित्र रहेको विभिन्न जातजातिका भाषा, संस्कृतिको संरक्षण राज्यले गर्नुपर्नेमा जोड दिँदै विभिन्न देशका नागरिक ठूलो संख्यामा यसको अध्ययन, अनुसन्धान गर्न आउनाले मुलुकको पर्यटन व्यवसाय फस्टाउने विश्वास व्यक्त गरे । मुख्यमन्त्री राईले जनगणना २०७८ नयाँ तथ्यांकको आधारमा राईको सबैभन्दा ज्यादा बोलिने भाषालाई प्रदेशको कामकाजको भाषा बनाउन सकिने बताए ।

कार्यक्रममा पर्यटन तथा संस्कृति मन्त्री खिनु लङ्वा लिम्बुले लोपोन्मुख भाषा तथा संस्कृतिको संरक्षण गर्न आयोगलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेकी छन् । उनले प्रदेशमा मातृभाषाको कार्यान्वयन सम्बन्धमा चालु आवमा ऐन र विधेयक तयार गर्ने योजना रहेको बताईन् । उनले प्रदेश प्रज्ञा प्रतिष्ठान विधेयक तयार रहेको र छलफल गरी सदनबाट पास गर्ने जानकारी दिइन् ।

स्वास्थ्यमन्त्री जयराम यादवले मुलुकमा बोलिने सम्पूर्ण भाषाको संरक्षण गर्नुपर्नेमा जोड दिए ।

सामाजिक विकास राज्यमन्त्री विष्णु तुम्वाहाम्फेले पहिचानको आधार भाषा भएकोले यसको संरक्षण गर्नुपर्नेमा जोड दिए । जिल्ला समन्वय समिति मोरङका प्रमुख अजम्बर राई, पूर्वप्रदेशमन्त्री जीवन घिमिरेले प्राविधिक चुनौतीका कारण नेपाली तथा मातृभाषाहरू संकटमा परेको धारणा राखे ।

आयोगका अध्यक्ष लवदेव अवस्थीले मातृभाषा सरकारी कामकाजमा प्रयोग सम्बन्धमा प्राप्त सुझावलाई संकलन गरी प्रदेशसभामा प्रवेश गराउने प्रतिबद्धता व्यक्त गर्दै मातृभाषाको निरन्तरताका लागि पुस्तक आवश्यक रहेको धारणा राखे ।

## एक वर्षमा ७२ रूपैयाँ...

पृष्ठ १ बाट जारी

निगमले तीनपटक इन्धनको मूल्यवृद्धि गरेको थियो । जेठ ८ मा पेट्रोल र डिजेल/मट्टितेलको मूल्य बढाएर क्रमशः १८० र १६३ रूपैयाँ प्रतिलिटर पुऱ्याएको थियो । त्यसको चौतर्फी विरोध भएपछि सरकारले इन्धनमा लगाएको १० रूपैयाँ पूर्वाधार कर हटाउने निर्णय गऱ्यो र, १८ जेठमा पेट्रोल, डिजेल/मट्टितेलको मूल्य प्रतिलिटर १० रूपैयाँले घटाएको थियो । त्यसपछि दुईपटक लगातार मूल्य बढाइएको छ । पछिल्लोपटक गरिएको मूल्यवृद्धिसँगै एक महिनामा मात्रै पेट्रोलको मूल्य १९ र डिजेल/मट्टितेलको २९ रूपैयाँले बढेको छ ।

**सार्वजनिक यातायात र हवाई भाडा बढ्यो**

पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएसँगै सार्वजनिक यातायातको भाडा बढाइएको छ । यातायात व्यवस्था विभागले अन्तरप्रदेश यात्रुबाहक तथा मालबाहक गाडीमा ७.७ प्रतिशतसम्म भाडा बढाएको छ । यात्रुवाहक सार्वजनिक सवारीसाधनमा ५.३० प्रतिशतले भाडा बढाइएको छ । त्यस्तै पहाडी बाटोमा सञ्चालन हुने मालबाहक सवारीमा ६.९४ तथा तराईको बाटोमा चल्ने मालबाहक सवारीमा ७.७ प्रतिशतले भाडा बढाइएको विभागले सोमबार सूचना जारी गरी जानकारी दिएको छ ।

यस्तै हवाई यातायात (आन्तरिक)को भाडासमेत बढेको छ । वायु सेवा सञ्चालक संघले बुधबारदेखि लागू हुनेगरी हवाई भाडा बढाएको हो । बढेको दरअनुसार सबैभन्दा धेरै काठमाडौं-धनगढी रुटको भाडा १६ हजार ८०५ रूपैयाँ पुगेको छ । जबकि, काठमाडौं-दुबईको भाडा योभन्दा सस्तो छ । यस्तै, काठमाडौं-नेपालगञ्ज रुटको १३ हजार ८१५ रूपैयाँ पुगेको छ ।

काठमाडौंदेखि माउन्टेन फ्लाइटको भाडा १४ हजार ७२० रूपैयाँ पुगेको छ । आयल निगमले सोमबारदेखि पेट्रोलिय पदार्थको मूल्य बढाएको हो । जसअनुसार हवाई इन्धन (आन्तरिक)को मूल्य १९ रूपैयाँले बढेर प्रतिलिटर १८५ रूपैयाँ पुगेको छ ।

**एलपी ग्यासको मूल्य फरक-फरक तोकिने**

निगमले खाना पकाउने (एलपी) ग्यासमा घरायसी र व्यापारिक प्रयोजनका लागि फरक मूल्य निर्धारण गर्ने भएको छ । निगमले असार मसान्त अगावै व्यापारिक प्रयोजन र घरायसी प्रयोजनका लागि छुट्टा-छुट्टै मूल्य कायम गर्ने भएको हो ।

निगमले ग्यासको दोहोरो मूल्य कायम गर्नका लागि अध्ययन समिति गठन गरेको थियो । उक्त समितिले सञ्चालक समितिलाई अध्ययन प्रतिवेदन बुझाएपछि दोहोरो मूल्य कायम गरिने निगमका कार्यकारी निर्देशक उमेश थानीले जानकारी दिए । उनका अनुसार निगमले सिलिण्डरको आकार, रङ, ग्यास गन्धको आधारमा व्यापारिक प्रयोजन र घरायसी प्रयोजन छुट्याएर मूल्य निर्धारण गर्नेछ ।

अध्ययन समितिले असार मसान्त अगावै प्रतिवेदन बुझाउने र सोहीअनुसार नयाँ मूल्य कायम हुने थानीको भनाइ छ । ग्यासमा दोहोरो मूल्य निर्धारण गर्दा घरायसी प्रयोजनका ग्यास सस्तो पर्नसक्ने निगमले जनाएको छ ।

**मूल्यवृद्धिको विरोधमा एमाले**

पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धिको सांसदहरूले चर्को आलोचना गरेका छन् । प्रतिनिधिसभाको सोमबारको बैठकमा सांसदहरूले मूल्यवृद्धिको विषयलाई लिएर सरकारको आलोचना गरेका हुन् ।

एमाले सांसद तथा पूर्वमन्त्री पद्मा अर्यालले इन्धनमा भारी मूल्यवृद्धि गरेको भन्दै सरकार जनताप्रति संवेदनशील नभएको आरोप लगाइन् । पेट्रोलियम पदार्थको मूल्यवृद्धिले जनताको जीवनको हरेक अंगमा असर पर्ने उनको भनाइ छ । सांसद अर्यालले मूल्यवृद्धिको के बाध्यता आइलाग्यो ? भन्दै मन्त्रीले सदनमा आएर जनतालाई चित्तबुझ्दो जवाफ नदिँदासम्म एमालेले सदन चल्न नदिने बताइन् ।

त्यसपछि एमाले सांसदहरूले उठेर विरोध जनाए । सभामुखको रुलिङपछि मात्रै बैठक अगाडि बढेको थियो । सभामुख अग्निप्रसाद सापकोटाले सांसदहरूले उठाएका मागमा आफ्नो ध्यानाकर्षण भएको र यस विषयमा सरकारले सत्यतथ्य सदनसमक्ष पेस गर्न निर्देश गर्दछु भनेपछि एमालेले बैठक चल्न दिएको थियो । प्रतिनिधिसभाको शून्य समयमा पनि केही सांसदहरूले यो विषयलाई उठाइरहे । जसमा सत्तापक्षका सांसद पनि थिए ।

# खप्तडछान्नामा यातायात व्यवसायीको ज्यादती

■ प्रभाव संवाददाता

**बझाङ–** बझाङको खप्तडछान्ना गाउँपालिकामा चल्ने साना सवारी जिपले चर्को भाडा उठाउँदै आएका छन् । तमैलबाट गाउँपालिकाको कालुखेतीसम्म चल्ने साना सवारी जिपले चर्को भाडा लिने गरेको छान्नावासीको गुनासो छ । तमैलदेखि कालुखेतीसम्मको दुरी १२ किलोमिटरको यात्रामा जिपले ५ सय भाडा लिने गरेको छ ।

साना सवारी जिपले ईन्धनको मुल्य बढेको बाहाना बढाउँदै चर्को भाडा उठाउँदै आएका छन् । 'जीप व्यवसायीसंग भाडा बढी भयो, केहि घटाउनुस' भन्दा बीच बाटोमै जिपबाट झारेर यात्रु अलपत्र पार्ने, हिँडेर जानु भनेर धम्क्याउँने गरेको स्थानीयको गुनासो छ ।

सवारी भाडाको तुलना गर्दा प्रतिकिलो मिटर ४० रूपैयाँभन्दा बढी हुने गरेको छ । प्रति किलोमिटर २० रूपैयाँ लिए पनि अहिलेको भाडा भन्दा आधा सस्तो हुन्छ । सवारी भाडाको विषयमा बेला बेला सम्बन्धित निकायलाई जानकारी गराए पनि कसैले वास्ता नगरेको खप्तडछान्नाका दिनेश रोकायाले बताए ।

छान्ना क्षेत्रमा जीप व्यवसायीले दादागिरी नै चलाएको छ । ६ सिट पास बोलेरो जिपमा १५ जना नभएसम्म तमैलबाट नजाने र छान्नाबाट नआउने हुँदा समयमै गन्तव्यमा पुग्न कठिन हुने गरेको अर्का स्थानीय जनक खडकाले बताए ।

यस विषयमा गाउँपालिकाले नियमन गरेर जीप व्यवसायीसँग बसेर छलफल गर्ने र आवश्यक परेको खण्डमा कानुन बमोजिम अघि बढ्ने खप्तडछान्ना गाउँपालिकाका अध्यक्ष उत्तम रोकायाले बताए ।

## एसपिपीमा सहभागी...

पृष्ठ १ बाट जारी

दिएको थियो । एसपिपीका सम्बन्धमा सार्वजनिक भएका विषयमा सरकारको औपचारिक धारणा माग गर्ने, एसपिपी 'इण्डो प्यासिफिक रणनीति' को हिस्सा बन्ने अमेरिकाको प्रतिवेदनपछि अब उप्रान्त यसमा नेपाल सरकार सहभागी नहुने अमेरिकालाई अवगत गराउन परराष्ट्र मन्त्रालयलाई निर्देशन दिने, प्रधानमन्त्रीको अमेरिका हुने भनिएको भ्रमणका क्रममा उपयुक्त विषयलाई ध्यानमा राख्न र कुनै पनि विवादास्पद सहमति वा कार्य नगर्न निर्देशन दिने निर्णय समितिले गरेको थियो ।

बैठकमा परराष्ट्रमन्त्री खड्काले नेपाल एसपिपीमा आबद्ध नहुने स्पष्ट पारेका थिए । उनले एसपिपी नेपालको हितमा नरहेको र परिवर्तित सन्दर्भमा यो नेपाललाई स्वीकार्यसमेत नभएको प्रधानमन्त्री तहबाटै स्पष्ट जानकारी आइसकेको बताएका थिए । सोही बैठकमा प्रधानसेनापति शर्माले एसपिपीमा नेपाल आबद्ध हुन नसक्ने स्पष्ट गरेका थिए । उनले सुरुमा नेपाली सेनाले गोरखा भूकम्पका बेला विपद्मा मानवीय र गैरसैनिक सहयोगका लागि सरकारको स्वीकृतिमा पत्राचार गरेको र सहयोग पनि लिएको तर पछि सन् २०१९ पछि एसपिपी ' इण्डो प्यासिफिक रणनीति'को अंग हुने भनिएपछि यसमाथि पुनर्विचार गर्न नेपाल सरकारलाई पत्राचार गरेको बताएका थिए ।

# खोलाले टेम्पो बगाउँदा एक जनाको मृत्यु

**सुनसरी(प्रस)–** सुनसरी जिल्लाको बराह क्षेत्र नगरपालिका-१ स्थित धरान चतरा सडकखण्डको बाघ खोलामा आइतबार आएको बाढीले को २ ह ९७८५ नम्बरको अटोलाई बगाउँदा उक्त अटोमा सवार एक जनाको मृत्यु भएको छ भने दुई जनालाई प्रहरीले उद्धार गरेको छ ।

धरानबाट चतरातर्फ जाँदै गरको सो अटोलाई बाढीले बगाउँदा सुनसरी जिल्लाको बराहक्षेत्र नगरपालिका-१ चतराघाट बस्ने १७ बर्षिया ईस्थिविना राईको मृत्यु भएको हो ।

प्रहरीले अटो चालक धरान उपमहानगरपालिका-१७ बस्ने ३३ वर्षिय राजु राईलाई सकुशल उद्धार गरेको छ भने गम्भिर घाईते भएकी रसुवा जिल्लाको गोसाईकुण्ड नगरपालिका-३ बस्ने १८ वर्षिया आलिया तामांगलाई उद्धार पश्चात तत्कालै उपचारको लागि चतरा अस्पतालतर्फ पठाइएको छ ।

सो दुर्घटनाबारे जानकारी पाउनासाथै सशस्त्र प्रहरी बल नेपाल सुरक्षा वेश चतराबाट सशस्त्र प्रहरीको टोली खटिई गई उनीहरूको उद्धार कार्यमा जुटेको थियो ।

सडकबाट करीव ५ सय मिटर तल फेला परेको उक्त अटोलाई प्रहरीले सो ठाउँबाट निकाली ईलाका प्रहरी कार्यालय चतरामा बुझाएको छ भने राईको शव पोष्टमार्टमको लागि विपि कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान घोपामा पठाइएको छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARABIAN FARMS DEVELOPMENT CO. LTD.

पूर्व स्वीकृति मिति : २०७९/०१/०९ | पुन विज्ञापन स्वीकृति मिति २०७९/03/06 | LT. No.262110 | चलानी नं.६०१७८३२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Electrician | 1 | 0 | 1100 | ३६,६८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | General Welder | 1 | 0 | 1200 | ४०,०१५ | | | | | | | |
| 3 | Labor | 12 | 0 | 1000 | ३३,३४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः असार १४ गते (28th June. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 280/058/059

Cosmo International Overseas Pvt. Ltd. (Overseas Employment Consultants)
P.O. Box No.: 9140 Minbhawan, Kathmandu, Nepal
Tel : +977-1-4115190, 41151191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.np



## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : EVEREST RECRUITMENT SERVICES SRL

पूर्व स्वीकृति मिति २०७७/११/१९ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०३/०६ | LT. No.236538 | चलानी नं. ६०१५४९०७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Workers | 25 | 0 | 500 | ६२,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | House Keeping | 0 | 10 | 500 | ६२,४२५ | | | | | | | |
| 3 | Nanny(Babby Sitter) | 0 | 10 | 550 | ६८,६७० | | | | | | | |
| 4 | Steel Fixer/barbender | 20 | 0 | 550 | ६८,६७० | | | | | | | |
| 5 | Tile Mason | 20 | 0 | 600 | ७४,९१० | | | | | | | |
| 6 | Ware House Worker | 10 | 0 | 550 | ६८,६७० | | | | | | | |
| 7 | Wilder | 15 | 0 | 600 | ७४,९१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः असार १४ गते (28th June. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/– कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००कामदार आफैले सेवा शुल्कः ४०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD. Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4426852
Email: graceoverseasuj@gmail.com, Web: www.graceoverseas.com.np


## गोखुङ्गा – बाग्दुला (२०.४ कि.मि) सडक स्तरोन्नति आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशन मिति २०७९/०३/०७)

लुम्बीनी प्रदेश, अर्घाखाँची जिल्लाको मालारानी गाउँपालिका र प्यूठान जिल्लाको झिमरुक गाउँपालिका, मल्लरानी गाउँपालिका र प्यूठान नगरपालिकामा मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय, सडक विभागद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय<br>सडक विभाग<br>ठेगानाः चाकुपाट, ललितपुर, नेपाल<br>फोन नंः ०१-५२६०१७४<br>इ-मेलः mabhpd@gmail.com<br>वेबसाइटः dor.gov.np |
| प्रस्तावको व्यहोरा | गोखुङ्गा - बाग्दुला (२०.४ कि.मि) सडक स्तरोन्नति (कालोपत्रे)<br>क्षेत्राधिकार (Right of way): ५० मि. (२५/२५ मि. दुवैतिर)<br>फर्मेसन (Formation) चौडाईः ९ मि. |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा/गा.पा. | अर्घाखाँची जिल्ला, मालारानी गाउँपालिका<br>प्यूठान जिल्ला, झिमरुक गाउँपालिका, मल्लरानी गाउँपालिका र प्यूठान नगरपालिका |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| प्रस्तावकको नाम र ठेगाना | सम्बन्धित मन्त्रालयको नाम र ठेगानाः | परामर्शदाताको नाम र ठेगाना |
|---|---|---|
| मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय<br>सडक विभाग<br>ठेगानाः चाकुपाट, ललितपुर, नेपाल<br>फोन नंः ०१-५२६०१७४<br>इ-मेलःmabhpd@gmail.com<br>वेबसाइटः dor.gov.np | नेपाल सरकार<br>भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>सिंहदरबार, काठमाडौं<br>फोन नः०१-४२११७३२ र४२११९३१<br>इ-मेलः info@mopit.gov.np<br>वेबसाइटःopit.gov.np | Madina Engineering Consultancy Pvt. Ltd.<br>ठेगानाः सानेपा, ललितपुर<br>फोन नं .: ९८४६७०११५५<br>इ-मेलः elateforu@gmail.com |

प्रदेश सरकार

लुम्बिनी प्रदेश

**उर्जा जलश्रोत तथा सिंचाई मन्त्रालय**

जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय, दाङ

## आर्थिक प्रस्ताव खोल्ने बारेको सूचना

**सूचना प्रकाशित मितिः २०७९/०३/०७**

यस कार्यालयको मिति २०७८/१२/२७ मा 'हिमालय टाईम्स' पत्रिका तथा www.bolpatra.gov.np/egp मा प्रकाशित तपशिल बमोजिमका ठेक्काहरू को मिति २०७९/०१/२७ गते १३:०० बजे खोलीएका प्राविधिक प्रस्तावहरू मध्ये तपशिल बमोजिमका प्राविधिक प्रस्तावहरू सफल भएको हुँदा यसै कार्यालयमा मिति २०७९/०३/१४ गते १३:०० बजे आर्थिक प्रस्ताव खोलिने हुँदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ङ) को उपनियम ५ प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | प्राविधिक प्रस्ताव सफल भएका बोलपत्राताहरू | कैफियत |
|---|---|---|---|
| 1. | MIP/PURBE_BAISE /NCB01/078-79 | 1) Oli Builders, Baijanath-4, Banke | |
| 2. | MIP/PURBE_BAISE /NCB02/078-79 | 1) Oli Builders, Baijanath-4, Banke<br>2) Suraj-Premdhan J/V, Tulsipur-5, Dang | |
| 3. | MIP/MULKULO/N CB01/078-79 | 1) Premdhan Nirman Sewa, Tulsipur-6,Dang | |
| 4. | 4MIP/MULKULO/N CB02/078-79 | 1) Premdhan-Slate (J/V) Tulsipur-6, Dang | |
| 5. | 5MIP/BELAKULO/N CB01/078-79 | 1) Indradhanu Achham Nirman Sewa, Tikapur, Kailali | |
| 6. | MIP/BELAKULO/N CB02/078-79 | 1) Indradhanu Achham Nirman Sewa, Tikapur, Kailali | |
| 7. | MIP/MANIKAPUR/ NCB02/078-79 | 1) Premdhan Nirman Sewa, Tulsipur-6, Dang | |

# प्रभाव दैनिक

मंगलबार, ७ असार २०७९ (Tuesday, June 21, 2022)





## 'पाउनुमात्रै होइन माया' सार्वजनिक

गीतकार स्वार्थी ध्रुवको नयाँ गीत 'पाउनु मात्रै होइन माया' सार्वजनिक भएको छ। गीतमा उनकै स्वर र संगीत, सचिन सिंहको एरेञ्ज र प्रकाश पन्तको मिक्सिङ तथा मास्टरिङ छ। सुब्रत आचार्य निर्देशित भिडियोमा दिक्पाल कार्की, एसराज गरच र साक्षी लम्साल फिचर्ड छन्। गीत त्रिकोणात्मक प्रेमकथामा आधारित छ। भिडियोमा उत्सव दाहालको छायांकन, विकास दाहालको सम्पादन र कलर, जया शर्माको क्रिएटिभ निर्देशन र दीपेन गौतम माइकलको प्रोडक्सन डिजाइन छ।



# काठमाडौंमा बंगलादेशी फेसन शो



■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौंको प्रदर्शनीमार्गमा सञ्चालन भएको नेपाल चेम्बर एक्स्पो २०२२ अन्तर्गतको तेस्रो दिनमा बंगलादेश फेसन शो शीर्षकमा बंगलादेशी फेसनका विभिन्न आयामलाई प्रस्तुत गरिएको छ। शनिबार साँझ प्रस्तुत गरिएको सो फेसन शोमा बंगलादेशी फेसनअन्तर्गत विभिन्न पहिरन शैली र हस्तकलाका अनुपम नमुनाहरू र्‍याम्पमाथि देख्न पाइयो।

सात चरणमा प्रस्तुत गरिएको उक्त फेसन प्रस्तुतिमा साडी, सलवार कमीज, कुर्ती, सर्टस्, पन्जाबी स्टाइल, टिसर्टलगायतका पहिरनसँगै लेदर तथा फ्याब्रिकमा तयार पारिएका विभिन्न एक्सेसरिज पनि प्रदर्शन गरिएको थियो। सो फेसन कार्यक्रममा प्रस्तुत गरिएका फेसनका विविध नमुनाहरू मूलतः मस्लिन, सिल्क, कटन फ्याब्रिकमा तयार पारिएका थिए।

फेसन शोको अन्तिम प्रस्तुति भने खाडी वेयर थियो। काठमाडौंस्थित बंगलादेशी दूतावासको पहलमा प्रस्तुत गरिएको सो फेसन कार्यक्रमको संयोजन तथा कोरियोग्राफी फेसन कोरियोग्राफर रोजिन शाक्यले गरेका थिए भने मोडलहरूको मेकअप तथा हेयरस्टालिङ ब्युटी गार्डेन, द ग्रुमिङ स्टेसनले गरेको थियो।

बंगलादेश फेसन शोअन्तर्गत प्रस्तुत भएका फेसनशैलीहरूमध्ये केही भने बंगलादेशी फेसन डिजाइनरका सृजनाहरू थिए भने केही भने रेडी टू वेयर शैलीहरू थिए। आठ युवती तथा चार युवा मोडलको उक्त फेसन शो प्रस्तुतिलाई पूर्व मिस नेपाल सुगरिका केसीले सञ्चालन गरेकी थिइन्।

कार्यक्रममा नेपालका लागि बंगालादेशी राजदूत सलाउद्दीन नोमान चौधरीलगायत बंगालादेशी दूतावास तथा नेपाल चेम्बर अफ कमर्सका आमन्त्रितहरूको विशेष उपस्थिति थियो।

# दुई नम्बरीको फस्ट लुक सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** रेड बर्ड प्रोडक्सनको प्रस्तुतिमा तयार भएको फिल्म '२ नम्बरी'को फस्टलुक सार्वजनिक गरिएको छ। दीपक मनांगे, अमलादेवी राई र जयस श्रेष्ठको लगानीमा बनेको यो फिल्मलाई किरण नेपालीले प्रस्तुत गरेका हुन्।

फिल्मको फस्टलुकमा मुख्य कलाकारहरू दयाहाङ राई, सौगात मल्ल, उपासनासिंह ठकुरी, उगेन छोदेन र बुद्धि तामाङलाई देख्न सकिन्छ। फिल्ममा दया र




सौगातको गेटअप केही फरक छ। दुई साथीको मित्रताको कथामा बनेको यो फिल्मको फस्टलुकले उत्सुकता जगाउने निश्चित छ।

फिल्ममा दीपेन्द्र लामाको लेखन तथा निर्देशन छ। सरोज नेपाली कार्यकारी निर्माता रहेको फिल्मको सहनिर्मातामा मिठु तामाङ्नी छिन्। फिल्ममा सुशान्त प्रजापतिको छायांकन, रामजी लामिछानेको कोरियोग्राफी, निमेष श्रेष्ठको सम्पादन, जयन जे वाइवाको संगीत छ। यो फिल्म ४ कात्तिकबाट तिहारको अवसरमा रिलिज हुँदैछ।

# हेल्लो जिन्दगीलाई सिक्किममा अवार्ड

■ प्रभाव संवाददाता

**काठमाडौं–** एभरेष्ट सूर्य बोहरा निर्देशित फिल्म 'हेल्लो जिन्दगी' ले भारतको गान्तोकमा हालै सम्पन्न गान्तोक इन्टरनेसनल फिल्म फेस्टिभलमा 'क्रिटिक्स च्वाइस' अवार्ड जितेको छ। १६ औं संस्करणको फेस्टिभलमा 'हेल्लो जिन्दगी' सहित थुप्रै देशका फिल्म प्रतिस्पर्धामा थिए। जसमध्ये 'हेल्लो जिन्दगी' ले न्यारेटिभ फिचर फिल्म विधाअन्तर्गत अवार्ड जितेको हो।

निर्देशक सूर्य बोहोराले रोयल सोसाइटी अफ टेलिभिजन एन्ड मोसन पिक्चर्सको आयोजनामा सन् २०२१ देखि मासिक रूपमा हुँदै आइरहेको फेस्टिवलमा आफ्नो फिल्मले अवार्ड जित्दा खुसी लागेको बताए। युके निवासी अभिनेता तथा निर्माता विक्रम डी जोशीले आफ्नो मेहनत, सोच र प्रस्तुतिले पुरस्कार पाउँदा हर्षित भएको जनाउँदै आगामी दिनमा अझ सुन्दर फिल्ममा अभिनय तथा निर्माण गर्न प्रोत्साहन मिलेको बताए।

गत वर्षको १८ चैतमा प्रदर्शन भएको फिल्ममा विक्रम डि जोशी, प्रियंका कार्की,




दीपिका प्रसाईं, विक्रान्त बस्नेत, विल्सनविक्रम राई, सविता गुरुङ तथा निर्देशक बोहरा स्वयं प्रमुख भूमिकामा छन्।

युके तथा नेपालमा खिचिएको फिल्मको निर्माता विक्रम डि जोशी र हिराल जोशी हुन् भने कार्यकारी निर्मातामा सिर्जना जोशी महर्जन तथा सहनिर्मात्रीमा सबिता गुरुङ छिन्। निर्देशक बोहराकै कथा, पटकथा रहेको फिल्ममा सस्पेन्स प्रेमकथा प्रस्तुत गरिएको छ। महारानी इन्टरटेन्मेन्ट युके र एभरेस्ट सूर्य बोहरा फिल्मस्सँगको सहकार्यमा बिरञ्जना इन्टरटेन्मेन्टको प्रस्तुति रहेको फिल्म स्वदेशपछि अब विदेशमा प्रदर्शनको तयारीमा छ।



# एन्फा नेतृत्वमा पंकजले मारे बाजी



■ प्रभाव संवाददाता

**काठमाडौं–** पंकजविक्रम नेम्वाङ अखिल नेपाल फुटबल संघ (एन्फा)को अध्यक्ष पदमा निर्वाचित भएका छन्। सोमबार सम्पन्न चुनावमा नेम्वाङले अघिल्लो कार्यकालमा अध्यक्ष रहेका कर्माछिरिङ शेर्पालाई ६ मतान्तरले पराजित गर्दै नेपाली फुटबलको सर्वोच्च पद हात पारे। नेम्वाङले ४५ मत ल्याउँदा शेर्पा ३९ मतमा सीमित भए।

चार वर्ष अघि अध्यक्षका रूपमा शेर्पा पहिलो पटक एन्फामा चुनिँदा उनकै प्यानलबाट नेम्वाङ सर्वाधिक मतसहित उपाध्यक्ष निर्वाचित भएका थिए। पछि कार्यसमितिले चार उपाध्यक्षमध्येबाट नेम्वाङलाई वरिष्ठ उपाध्यक्षको जिम्मेवारी दिएको थियो।

लामो समयसम्म चेन्ज एन्फाको नारासहित एन्फाको तत्कालीन संस्थापनविरुद्ध आन्दोलित हुँदा शेर्पा र नेम्वाङ सँगै थिए। लामो समय सहकार्य गरे पनि नेतृत्वमा पुगेपछि यी दुईबीचको सम्बन्ध चिसिन थाल्यो। एन्फा नेतृत्वमा पुगेको झण्डै डेढ वर्षपछि सुरु भएको दुईबीचको खटपटले पछिल्लो समय पूरा प्यानल नै बनाएर एक-अर्काविरुद्ध उत्रिने अवस्था सिर्जना गरेको थियो।

नेम्वाङलगायत हिजो सँगै सहकार्य गरेका पदाधिकारीहरूले शेर्पामाथि आर्थिक अनियमितता गरेको, निरंकुशता लादेको, व्यक्तिवादी चरित्र प्रस्तुत गरेको, फुटबल विकासभन्दा पनि व्यक्तिगत स्वार्थमा केन्द्रित भएकोलगायतका आरोप लगाएर अलग्गै प्यानल बनाएर चुनावमा होमिएका थिए।

शेर्पाले भने नेम्वाङसहित आफ्नो समूहबाट अलग भएका केन्द्रीय सदस्यहरूको असहयोग तथा कोभिड १९ महामारीका कारण पूर्वनिर्धारित योजना अनुरूपको काम गर्न नसकेको बताएका थिए। शेर्पाले पछिल्लो कार्यकालमा अधुरा रहेका कामको पूर्णताका लागि दोस्रो कार्यकालका लागि उम्मेदवारी दिएको उनको भनाइ थियो।

२०७२ सालमा तत्कालीन अध्यक्ष गणेश थापा फिफाबाट १० वर्षको प्रतिबन्धमा परेपछि भएको निर्वाचनमा शेर्पा नरेन्द्र श्रेष्ठसँग पराजित भएका थिए। त्यतिबेला पनि कार्यसमितिमा सदस्य रहेका नेम्वाङ शेर्पाकै पक्षमा खुलेर लागेका थिए।

नेपाली फुटबलको उर्वर भूमिका रूपमा परिचित झापाको धुलाबारीका स्थायी बासिन्दा नेम्वाङ सानैदेखि स्थानीयस्तरमा फुटबल खेल्थे। तर खेलाडीका रूपमा अघि बढ्न नसक्ने देखेपछि बिस्तारै रोलिङ क्लब हुँदै झापा जिल्ला फुटबल संघमा छिरेका उनी २०५९ सालमा एन्फाको केन्द्रीय सदस्य भएका थिए। त्यसयता लगातार चार कार्यकाल सदस्य भएर काम गरेका नेम्वाङ चार वर्षअघि उपाध्यक्षमा निर्वाचित भएका थिए। उपाध्यक्षमा निर्वाचित भएको झण्डै एक वर्षपछि उनी वरिष्ठ उपाध्यक्षमा चयन गरिएका थिए।

**एसिसी महिला टी-२०**

# बहराइनलाई हराउँदै नेपाल सेमिफाइनलमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल एसिसी महिला टी-ट्वान्टी च्याम्पियनसिपको सेमिफाइनलमा प्रवेश गरेको छ। मलेसियाको किनरारा ओभलमा सोमबार बहराइनलाई ८ विकेटले हराउँदै नेपाल सेमिफाइनलमा पुगेको हो।

बहराइनले दिएको १५ रनको लक्ष्य नेपालले ३ ओभर ४ बलमा २ विकेट गुमाएर पूरा गर्‍यो। नेपालका लागि सीता राना मगरले ४ रन जोडिन्। कविता कुँवरले अविजित ३ रन झारिन्। इन्दु वर्मा सुन्य रनमा आउट हुँदा कप्तान रुबिना



क्षेत्री सुन्य रनमा अविजित रहिन्।

बहराइनकी पभिथ्र सेट्टी र भिल्सिटा बार्बोजाले एक एक विकेट लिईन्। त्यसअघि पहिले ब्याटिङ गरेको बहराइनले निर्धारित ७ ओभरमा ६ विकेट गुमाएर १४ रन बनाएको थियो।

वर्षाको कारण खेल ७ ओभरमा झारिएको थियो। बहराइनकी इशारा सुहुनले ६ रन जोडिन। कप्तान दिपिका रासंगिका र थरंगाले २/२ रन जोडिन्। नेपालकी कविता कुँवर र सबनम राईले २/२ विकेट लिईन्। अश्मिना कर्माचार्यले १ विकेट झारिन्। समूह 'बी' मा रहेको नेपाल शीर्ष स्थानमा रहेको छ। नेपालले ३ खेलमा ६ अंक जोडेको छ। नेपालले अन्तिम खेलमा मंगलबार हङकङसँग खेल्नेछ।

# खुमलटार युथ क्लब सेमिफाइनलमा

**पोखरा (प्रस)–** खुमलटार युथ क्लब पोखरामा जारी छैटौं शुभकामना गोल्डकप फुटबल प्रतियोगिताको अन्तिम चारमा प्रवेश गरेको छ। पोखरा २५ हेमजा स्थित गौरीशंकर खेल मैदानमा सोमबार बागमती युथ क्लबलाई २-० गोलले हराउँदै खुमलटार अन्तिम चारमा पुगेको हो। खेलको दोस्रो मिनेटमा नै खुमलटारले अग्रता लियो। खुमलटारले पाएको फ्रिकिकको सदुपयोग गरेको हो। उक्त फ्रिकिकबाट आएको बललाई नियन्त्रणमा लिदैं आसिष श्रेष्ठले उत्कृष्ट गोल गरे।

सुरुवातमै गोल खान पुगेको बागमतीले खेलमा फर्किने प्रयास गरेपनि सफल भने रहेन। खुमलटारले २८ औं मिनेटमा दोस्रो गोल गर्दै अग्रता दोब्बर बनायो। प्रसान्त अवस्तीले दिएको पासमा आसिषले उत्कृष्ट गोल गर्दै अग्रता दोब्बर पारे। पहिलो हाफमै २-० गोलले पछि परेको बागमतीले दोस्रो हाफमा निकै आक्रमक खेल खेलेपनि नतिजा निकाल्न भने सकेन।



बल पोसेसनमा आफ्नो बर्चस्व देखाएको बागमतीले पाएको अवसरहरूलाई जालीको दिशा दिन नसक्दा हार व्यहोर्न बाध्य भएको हो। खेलको १० औं मिनेटमा नै बागमतीले बराबरीको अवसर खेर फाल्यो। सुमन चामलिङको उत्कृष्ट पासमा अमित थापा मगर बलसम्म पुग्नै सकेनन्। अमितले डिएरिभित्र खाली ठाउँमा पास मिलाइदिएका थिए। ५५ औं मिनेटमा अमितको हेडर प्रहारमा खुमलटारका गोलरक्षक एन्जल श्रेष्ठ बाधक बने।

जितपछि खुमलटारका प्रशिक्षक विष्णु गुरुङले विपक्षी टोलीको प्रशंसा गर्दै टिम निकै राम्रो भएको प्रतिक्रिया दिए। खुमलटारले फाइन प्रवेशका लागि आयोजक हेम्जा युनाइटेडसँग खेल्नेछ।

# भारतमा मनसुनी प्रकोप, थप २६ जनाको मृत्यु

**गुवाहाटी (भारत)**– भारतमा मनसुनको बाढी र चटयाङमा परी २६ जनाको मृत्यु भएको छ । छिमेकी राष्ट्र बंगलादेशमा लाखौं मानिस यस प्रकोपको मारमा परेका अधिकारीहरूले सोमबार जनाएका छन् । भारत र बंगलादेशमा बाढी एक नियमित खतराको रूपमा रहेको छ । भारतको उत्तरपूर्वी राज्य आसाममा पहिरोमा परी तीन जनाको मृत्यु भएको छ भने बाढीमा डुबेर छ जनाको मृत्यु भएको प्रकोप व्यवस्थापन अधिकारीहरूले बताएका छन् ।

पूर्वीराज्य बिहारमा आँधीका कारण चटयाङ लागेर १७ जनाको मृत्यु भएको स्थानीय प्रकोप व्यवस्थापन मन्त्री रेणु देवीले जानकारी दिइन् । आसाम लगातार बाढीको चपेटामा परेको छ । राज्यका ३३ जिल्लाका पाँच हजार १४० गाउँहरू बढ्दो पानीले डुबेका छन् । एक लाखभन्दा बढी गाउँले राहत आश्रयमा शरण लिएका छन् । राज्य पहिलोपटक अप्रिलमा प्रभावित भएको थियो । हाल पुनः वर्षाको कारण आएको बाढीमा परी ४४ जनाको मृत्यु भएको छ ।

छिमेकमा पर्ने मेघालय राज्यमा पहिरो र बगेको खोलाले सडक डुबेपछि गत बिहीबारदेखि १६ जनाको मृत्यु भएको छ । मनसुन आँधीले बंगलादेशमा विनासकारी बाढी पनि फैलाएको छ । लाखौं अलपत्र परेका र दर्जनौंको मृत्यु भएको छ । सोमबार, बाढीको पानी सिल्हेटको उत्तरपूर्वी जिल्लाबाट विस्तारै कम हुँदै गइरहेको थियो । यद्यपि, लाखौं अझै पनि बेवारिसे भएका जिल्लाका मुख्य प्रशासक मोशर्रफ हुसेनले बताएका छन् ।

आश्रयस्थलहरू प्रभावित मानिसहरूले भरिएका छन् । त्यहाँ खाना र पिउने पानीको ठूलो संकट छ । धेरै घर फर्कन डराउँछन् भने धेरैले बाढीको पानीमा आफ्नो घर गुमाएका छन्,' उनले एएफपीलाई बताएका छन् । जमालपुर जिल्लामा, एक आठ वर्षीया बालिकालाई डुबानमा परेको घरको आँगनबाट बगाएको थियो र पछि मृत फेला परेको प्रहरी अधिकारी अमिनुल इस्लामले एएफपीलाई बताएका छन् ।

दक्षिणपूर्वी चटगाउँ पहाडी जिल्लाहरूमा पनि भारी वर्षा जारी रहयो, जसले बन्दरगाह सहरमा जलमग्नता र पहिरोको जोखिम बढाएको छ । *रासस/एएनआई*

# राष्ट्रपति म्याक्रोनले गुमाए पूर्णबहुमत

**पेरिस (फ्रान्स)**– नवगठित वामपन्थी गठबन्धन सरकारले बहुमत प्राप्त गरेपछि फ्रान्सेली मतदाताहरूले पुनःनिर्वाचित राष्ट्रपति इमानुयल म्याक्रोनलाई पूर्णबहुमतले अस्वीकार गरेका छन् । सोमबार बिहान घोषणा गरिएको नतिजाले फ्रान्सेली राजनीतिलाई उथलपुथल गरेको छ । साथै, कानुन र अव्यवस्थित गठबन्धनको प्रश्न खडा गरेको टिप्पणी हुन लागेको छ ।

यसअघि, म्याक्रोनको केन्द्रवादी गठबन्धन, एन्सेम्बल (एकसाथ), फ्रान्सको संसदीय चुनावको दोस्रो चरणमा जीन-लुक मेलञ्चनको नयाँ लोकप्रिय पर्यावरणवादी र सामाजिक संघ (नुप्स)भन्दा अगाडि रहेको सिएनएनले आन्तरिक मन्त्रालयले जारी गरेको नतिजालाई उद्धृत गर्दै जनाएको छ । यसैबीच नतिजा अनुसार मार्कोनले कूल ५७७ मध्ये २४५ प्राप्त गरेका छन् । यद्यपि, यो अझै पनि फ्रान्सको तल्लो सदन राष्ट्रिय सभामा पूर्णबहुमतका लागि २८९ सिटको थ्रेसहोल्डभन्दा कम छ ।

